मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

पाठ्यक्रममा स्वास्थ्य जनचेतनाका विषय परिमार्जन गर्नुपर्छः मन्त्री पौडेल



समाचार
पृष्ठ ५ मा

वर्ष ३ | अंक ६० | २०८१ साल पुष २५ गते बिहीबार | Thursday 09, January 2025 | सूर्योदयः बिहान ६:५६ बजे | सूर्यास्तः साँझ ५:२८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेशमाथि पुलिसको ४५ रनको अग्रता





**मधेशदृष्टि**
**वीरगंज ।**
जय ट्रफी मेन्स एलिट कप क्रिकेटको दोस्रो खेलको पहिलो दिनमा नेपाल पुलिस क्लबले मधेश प्रदेशविरुद्ध ४५ रनको अग्रता लिएको छ । वीरगंजको नारायणी क्रिकेट मैदानमा बुधबारदेखि शुरु दोस्रो खेलको पहिलो दिनमा मधेशविरुद्ध पुलिसले ४५ रनको अग्रता बनाएको हो ।

दुई दिवसीय फम्र्याटको खेलमा बुधबार पुलिसले ४० ओभर खेल्दै ३ विकेटको क्षतिमा १ सय ७४ रन बनाएको हो । उसका लागि कुशल भुर्तेलले ६८ बलमा १० चौका प्रहार गर्दै सर्वाधिक ६३ रन जोडे । यस्तै दिलिप नाथले ४० र अमित श्रेष्ठले ३४ रन बनाए । बलिङ्तर्फ मधेशका हरिशंकर साहले २ र अभिषेक तिवारीले १ विकेट लिए ।

त्यसअघि आफ्नो पहिलो इनिङ्समा मधेशले ४२.४ ओभरमा अलआउट हुँदै १ सय २९ रन मात्र बनाएको थियो । उसका लागि मयन यादवले ५९ रन बनाए । मयनले पहिलो खेलमा बागमती प्रदेशविरुद्ध शतक प्रहार गरेका थिए । बुधबार मधेशका लागि निरज यादवले २९ र अभिषेक तिवारीले १७ रन जोडे ।

बलिङ्तर्फ पुलिसका गुल्शन झा एक्लैले ५ विकेट लिए भने कुशल भुर्तेलले २ तथा श्रवण यादव र ललीत राजवंशीले समान एक–एक विकेट लिए ।

## बागमती १५२ रनले पछाडि

जय ट्रफी मेन्स एलिट कपमा विभागीय टोली त्रिभुवन आर्मी क्लबविरुद्ध बागमती प्रदेश १ सय ५२ रनले पछाडि परेको छ ।

जनकपुरस्थित रामजानकी मैदानमा जारी खेलको पहिलो दिन समाप्त हुँदा बागमती १ सय २४–५ को स्थितिमा छ । नन्दन यादव १८ र विपिन आचार्य एक रन बनाएर क्रिचमा छन् । यसैगरी शुभ कंशाकार ३४, उत्तम मगर २८, रित गौतम २१ र आशुतोष घिरैया ११ रन बनाएर पेभेलियन फर्किए ।

आर्मीका लागि आकाश चन्दले तीन तथा सोमपाल कामीले दुई विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले पहिलो इनिङमा तोकिएको ६० ओभरमा पाँच विकेट गुमाउँदै २ सय ७६ रन बनाएको थियो ।

आर्मीका लागि इमरान शेखले १ सय ४ बलमा ११ चौकाको मद्दतले सर्वाधिक ७२ रनको योगदान गरे । यसैगरी, बसिर अहमदले ६४ बलमा आठ चौकाको मद्दतले अविजित ५३, तृतराज दासले ४४, कुशल मल्लले अविजित ३५ र भीम सार्कीले ३२ रन बनाए । बागमतीका लागि विपिन आचार्यले तीन र कप्तान सन्दीप लामिछानेले दुई विकेट लिए ।

यसअघि, गत सोमबार सकिएको पहिलो खेलमा मधेशले बागमतीसँग र पुलिसले आर्मी क्लबसँग बराबरी खेलेका थिए । रेड बल र ह्वाइट जर्सीको प्रयोग भइरहेको दुई दिवसीय जय ट्रफी एलिट कपमा गत वर्ष सम्पन्न प्रधानमन्त्री कप (पिएम कप) राष्ट्रिय क्रिकेट प्रतियोगितामा शीर्ष चारमा रहेका नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, बागमती प्रदेश र मधेश प्रदेशले प्रतिस्पर्धा गरिरहेका छन् ।

वीरगंज र जनकपुरमा भइरहेको प्रतियोगिता माघ ३ गतेसम्म चल्नेछ । सिंगल राउन्ड रोबिनका ६ खेलपछि शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् । लिग चरणका खेल दुई दिवसीय हुनेछ भने फाइनल खेल तीन दिवसीय हुने छ ।

# शहीदका परिवारलाई मधेश सरकारको बीमा कार्यक्रम लागु

*मधेशी शहीद प्रतिष्ठानमार्फत शहीदको तथ्याङ्क सङ्कलनको काम शुरु भइसकेको छ । कार्यक्रम अन्तर्गत शहीद परिवारका पाँज जना सदस्य बीमामा आबद्ध भएपछि १ लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार गर्न मिल्ने छ ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले शहीद परिवारका लागि स्वास्थ्य बीमा कार्यक्रम शुरु गरेको छ ।
गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले पुस ९ गतेदेखि बीमा कार्यक्रम लागू भएको बताए । बुधबार पत्रकार सम्मेलन गर्दै मन्त्री लेखीले स्वास्थ्य बीमा कार्यक्रमले प्रदेशका शहीद परिवारका सदस्यलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने जानकारी दिए ।
उनले कार्यक्रमले शहीद परिवारलाई स्वास्थ्य समस्यामा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।
कार्यक्रमले शहीद परिवारलाई मेडिकल उपचारमा आर्थिक भारबाट मुक्त गर्ने लक्ष्य राखेको छ । गृह मन्त्रालयले प्रदेशमा विभिन्न आन्दोलनक्रममा शहीद भएका पाँच जनाको परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न लागेको हो । प्रदेशको ८ जिल्लाका १ हजार ८१ शहीद परिवारलाई यही आर्थिक वर्षमा स्वास्थ्य बीमा गर्न लागिएको छ ।
मधेशी शहीद प्रतिष्ठानमार्फत शहीदको तथ्याङ्क सङ्कलनको काम शुरु भइसकेको छ । कार्यक्रम अन्तर्गत शहीद परिवारका पाँज जना सदस्य बीमामा आबद्ध भएपछि १ लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार गर्न मिल्ने छ । गृह मन्त्रालयका सचिव उद्धव प्रसाद रिजालले १ हजार ८१ शहीद परिवारका पाँच जना सदस्यको स्वास्थ्य बीमाका लागि मधेश प्रदेश सरकारले स्वास्थ्य बीमा बोर्डलाई प्रति शहीद परिवार ३ हजार ५ सय रुपैयाँ बीमा शुल्क तिरिदिने बताए ।
यस्तै, मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले केही महत्वपूर्ण कार्यविधि पारित गरेको छ । बैठकमा प्रदेशका विभिन्न मन्त्रालयहरूका कार्यविधि पारित भएका छन् । सरकारले शिक्षा क्षेत्रको गुणस्तरलाई सुधार्दै शिक्षकको पेशागत विकासमा जोड दिने निर्णय गरेको छ ।
यस्तै, स्वास्थ्य क्षेत्रको सुधार र नागरिकलाई उच्चस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालयले नयाँ नीति तथा कार्यविधि पारित गरेको छ ।
यस्तै, प्रदेश सरकारले यातायातमा सुधार ल्याउने र विभिन्न यातायात सेवाको पहुँचलाई बढावा दिने कार्यविधि पारित गरेको छ ।




# अनुगमन आएपछि सटर झारेर व्यवसायी भागाभाग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महागरपालिका वडा नम्बर १६ भन्सार क्षेत्रमा बजार अनुगमन टोली पुग्दा त्यहाँ रहेका सेकुवा र मदिरा होटल तथा किराना पसले पसल नै बन्द गरेर भागेका छन् ।
बुधबार दिउँसो जिल्ला प्रशासन कार्यालय पर्साका प्रतिनिधि मन्दीप यादव नेतृत्वको बजार अनुगमन टोली अनुगमनका लागि पुगेलगत्तै दुई दर्जन होटल र पसलका व्यपारी सटर झारेर भागाभाग भएको अनुगमन टोलीमा सहभागी उपभोक्ता हित संरक्षण मञ्च पर्साका उपाध्यक्ष अजित भुजेलले बताए ।
वीरगंजको भन्सार क्षेत्रमा रहेका होटल तथा किराना पसलको सरसफाइको अवस्था, नेपाल सरकारबाट व्यवसायका लागि लिएको इजाजतपत्रलगायतका बारेमा अनुगमन गर्न टोली पुगेको थियो । तर पसलेहरु सटर नै बन्द गरेर भागेका थिए । पछि केहि पसलेलाई बोलाएर बजार अनुगमन टोलीलाई असहयोग नगर्न आग्रह गर्दै होटलमा सरसफाइको अवस्था चुस्त राख्न, व्यवसाय दर्ता नगरेको भए दर्ता गर्न र दर्ता गरिएका इजाजतपत्र नवीकरण गराउन आग्रह गरिएको भुजेलले बताए ।
त्यसक्रममा दुई वटा होटल र दुई वटा किराना पसलमा भने अनुगमन गरिएको जानकारी दिँदै उनले अनुगमनक्रममा भेटिएका म्याद गुज्रिएका बेसन, सेवई, सनपापडी, बिस्कुटलगायतका सामान जफत गरेर नष्ट गरिएको भुजेलले बताए ।



# प्रेस काउन्सिललाई नियमनका लागि बाटो खुला

**काठमाडौँ ।**
उच्च अदालत पाटनले तथ्य र आधारबिना सूचना सम्प्रेषण गर्ने अनलाइन पोर्टललाई नियमन र कारबाही गर्न प्रेस काउन्सिल नेपाललाई बाटो खुला गरिदिएको छ ।
न्यायाधीशद्वय खडानन्द तिवारी र कृष्णराम कोइरालाको संयुक्त इजलासले बुधबार काउन्सिलको काम, कारबाहीमा तत्काल हस्तक्षेप गर्नुपर्ने आदेश जारी हुनु नपर्ने भन्दै बाटो खुला गरिदिएको हो ।
गलत र भ्रामक सूचना सम्प्रेषण गरेको, नियामक निकायलाई अटेर गरेकोलगायत कारण देखाउँदै प्रेस काउन्सिलले विभिन्न अनलाइन पोर्टललाई कालोसूचीमा राखी कारबाही गर्ने निर्णय गरेको थियो ।
काउन्सिलको निर्णयविरुद्ध अन्तरिम आदेश माग गर्दै दियो मिडिया प्रालिले उच्च अदालतमा रिट दायर गरेको थियो ।
रिटमाथिको सुनुवाइपछि अदालतले काउन्सिलको अनुगमन र नियमनमा अवरोध नहुने आदेश जारी गरेको हो ।
काउन्सिलका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेल, विकास भट्टराई, लीलाधर उपाध्याय, झविन्द्र भुसाल, कीर्तिनाथ शर्मा, विशाल थापा र प्रतिभा उप्रेतीले बहस गरेका थिए ।
यसअघि पनि उच्च अदालतले नेपाल आज डटकमलाई कालोसूचीमा राख्दै सूचीकरणबाट हटाउने निर्णयलाई विधिसम्मत भन्दै काउन्सिलका पक्षमा आदेश दिएको थियो ।रासस

# फतुवा विजयपुरमा नयाँ हाकिम



**मधेशदृष्टि**
**रौतहट ।**
फतुवा विजयपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् । नयाँ अधिकृतका रूपमा भरत यादव हाजिर भएका छन् । प्रमुख प्रशासकीय अधिकृत यादवलाई नगरप्रमुख अम्बेया खातुन र विभिन्न शाखाका शाखा प्रमुखले स्वागत गरे । यसअघिका हाकिम प्रमोद कुमार गुप्ता स्वास्थ्यतर्फ फर्किएका छन् ।
यसैबीच, मेयर खातुनका श्रीमान समाजसेवी महमद शेराजले लाखौँ मूल्य बराबरको, ४ कठ्ठा जग्गा नगरपालिकालाई दान गरेका छन् । स्थानीयस्तरमा स्वास्थ्य चौकी र बर्थिङ सेन्टर भवनका निर्माणका लागि आफ्नो पुस्तैनी चार कठ्ठा जग्गादान गरेका हुन् ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

पोखरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश, नेपाल

# बढ्दो मानव–हात्ती द्वन्द्वः २० वर्षमा दुई सय ७४ नागरिकको मृत्यु



**काठमाडौँ ।**
पछिल्लो समय वन्यजन्तुको संख्यामा वृद्धि तथा बासस्थानमा भएको क्षयीकरण एवम् सङ्कुचनले गर्दा वन्यजन्तु आफ्नो बासस्थान छाडी गाउँबस्तीमा पस्ने गरेका छन् । यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरि बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ ।
हात्ती, बाघ, गैँडा, हिउँ चितुवा, हिमाली कालो भालु, काठे भालु, बाँदरलगायत वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति (मृत्यु तथा घाइते) बालीनाली, घर, गोठको क्षति हुने गरेको छ । यो अवस्थामा मानव–वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याका रूपमा बढ्दै गएको छ ।
आर्थिक वर्ष २०७९–८० मा मात्र नेपालभर वन्यजन्तुबाट मृत्यु हुने मानिसको संख्या ३९, सामान्य घाइते संख्या ७२ र सख्त घाइते हुनेको संख्या एक सय २४, घरगोठको क्षति पाँच सय ३१ रहेको छ । वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार सबैभन्दा बढी हात्ती र त्यसपछि बाघको आक्रमणबाट मानिसको मृत्यु हुने गरेको तथ्याङ्क छ ।
विगत २० वर्षमा मात्रै नेपालमा ११ हजारभन्दा बढी मानव–हात्ती द्वन्द्वका घटना रेकर्ड गरिएका छन् । यी घटनामा दुई सय ७४ जनाको मृत्यु भएको छ भने एक सय ३८ जना घाइते भएका देखिन्छ । विशेषगरी झापालगायत पूर्वी क्षेत्रमा मानव–हात्ती द्वन्द्व ठूलो समस्यामा रूपमा देखिएपछि वन मन्त्रालयले प्राथमिकता दिएर न्यूनीकरणका लागि विभिन्न कार्यक्रमसमेत गर्दै आएको छ ।
मङ्गलबार मात्रै वनमन्त्री ऐनबहादुर शाही ठकुरीले झापा पुगेर मानव–हात्ती द्वन्द्व समाधानका लागि छुट्टै कार्यविधि ल्याउने बताए । सुदूरपूर्वी झापाको हात्ती प्रभावित क्षेत्र मेचीनगरमा सरोकारवालाले बुझाएको मागपत्र ग्रहण गर्दै उनले मानव–हात्ती द्वन्द्वबाट उत्पन्न समस्या समाधानका लागि छुट्टै कार्यविधि बनाइने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले कानूनी बाधा अड्चन फुकाएर भए पनि स्थानीय प्रभावित समुदायका माग र सुझावलाई कार्यान्वयन गर्ने उल्लेख गरेका थिए । सोही कार्यक्रममा झापा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य एवम् नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मासहित सर्वपक्षीय छलफल गरी मानव–हात्ती द्वन्द्व समाधानका लागि १४ बुँदे साझा निष्कर्षसमेत निकालिएको थियो ।
महामन्त्री शर्माले झापामा हात्ती प्रभावित क्षेत्रका जनप्रतिनिधि र सरोकारवालाबीच पहिलो पटक साझा धारणा बनेको उल्लेख गर्दै मानव र हात्तीबीच सहअस्तित्व कायम गरेर समस्याको समाधान खोज्न सरकारलाई ध्यानाकर्षण गराएका थिए । मन्त्री ठकुरीसहितको टोलीले मेचीनगरको बाहुनडाँगीस्थित भारतबाट हात्ती प्रवेश गर्ने सीमावर्ती क्षेत्र र स्थानीय सामुदायिक वनको निरीक्षणसमेत गरेको थियो ।

**हात्ती रोक्न ९२ किलोमिटर विद्युतीय तारबार**

मानव–हात्ती द्वन्द्वलाई कम गर्न सरकारले केही महत्वपूर्ण कदम चालेकोसमेत छ । विभागका अनुसार आर्थिक वर्ष २०७१–७२ देखि हालसम्म झापामा करिब ९२ किलोमिटर विद्युतीय तारबार जडान गरिएको छ । यस कार्यमा करिब ११ करोड रुपैयाँ खर्च भएको छ । त्यस्तै मानव–हात्ती सहअस्तित्व बलियो बनाउने सचेतना कार्यक्रम पनि सञ्चालन गरेको विभागका महानिर्देशक डा. रामचन्द्र कँडेलले जानकारी दिए । मानव–हात्ती द्वन्द्व कम गर्न लगाएको तारबारको उचित मर्मत सुधार गरी हात्तीलाई बस्तीमा पस्नबाट रोक्न, अतिप्रभावित क्षेत्रमा थप विद्युतीय तारबार गर्नुपर्ने, हात्ती धपाउनका लागि आवश्यकपर्ने उचित गाडी, ट्र्याक्टरको व्यवस्था गर्नुपर्ने, समस्याग्रस्त हात्तीको पहिचानगरी र तीनको व्यवस्थापन गर्नुपर्ने उनको सुझाव छ । त्यस्तै, हात्ती पर्यटनमा जोड दिने, हात्तीले नखाने चिया, कागती, ल्वाङ, सुपारी, बेसार आदिको खेतीपाती प्रणालीको शुरू गर्ने, पीडितलाई आर्थिक सहुलियत दिनुपर्ने महानिर्देशक डा. कँडेलले बताए ।
विश्वमा दुई प्रजातिका हात्ती पाइन्छन् । एसियाली र अफ्रिकी हात्ती । एसियाली हात्ती नेपाल, भारत, भुटानलगायत १३ राष्ट्रमा पाइन्छन् । र तिनको संख्या हाल करिब ५० हजारको हाराहारीमा रहेको बताइन्छ । विश्व संरक्षण सङ्घले हात्तीलाई सङ्कटापन्न प्रजातिको सूचीमा राखेको छ । नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत हात्तीलाई अनुसूची–१ मा राखेर यसको संरक्षणमा विशेष ध्यान दिइएको छ ।
चुरे तराई क्षेत्रको करिब १३ हजार वर्ग किलोमिटर क्षेत्र हात्तीको बासस्थानका लागि उपयुक्त मानिन्छ । यद्यपि, विगत ९० वर्षमा करिब २२ प्रतिशत बासस्थान विनाश भएको तथ्यले यो क्षेत्र हात्तीका लागि कम सुरक्षित हुँदै गएको बताइएको छ । मानव र हात्ती दुवैलाई पर्ने क्षतिलाई कम गर्न सरकारले विभिन्न पहलहरू गर्दै आएको छ ।
हात्तीकै विषयमा विद्यावारिधि गर्नुभएका बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. अशोक रामका अनुसार तराईका रूपन्देही र पश्चिमी नवलपरासीबाहेक सबै जिल्लामा हात्ती पाइन्छ । 'परापूर्वकालदेखि नै हात्तीको ओहोरदोहोर गर्ने हात्तीमार्गमा हाल बस्ती र खेती भएकाले त्यस्ता स्थानमा बेलाबेलामा हात्तीसँग मानिसको द्वन्द्व हुने गर्छ । साथै मानिस र हात्तीले एउटै बासस्थान र आहार प्रयोग गर्ने गरेकाले पनि यो समस्या देखिएको हो,' रामले भने । बासस्थान विनाश हुनु र खण्डीकरण हुनु मानव–हात्ती द्वन्द्वको मुख्य कारण बनेको उनको भनाइ छ ।
बढ्दो मानव–हात्ती द्वन्द्व र कतिपय स्थानमा मानव बस्ती सुरक्षाका लागि भनेर राखिएका तारबाट करेन्ट लागेर हात्ती मर्ने गरेका छन् । त्यस्तै बासस्थानको क्षयीकरण र अतिक्रमण, हात्तीमार्गमा मानवबस्ती विस्तार, पूर्वाधार विकास निर्माणका कारण चोरी सिकारी मुख्य चुनौती देखिएका छन् ।

**जङ्गली हात्ती पाँच सय, निजी हात्ती एक सय ७०**

वरिष्ठ संरक्षण अधिकृत डा. रामका अनुसार सन् २०२० को गणनाअनुसार नेपालमा जङ्गली रैथाने करिब दुई सय २७, (हाल झापामा पश्चिम बङ्गालबाट आई स्थायी रूपमा बस्न थालेका ५० थप) हात्ती छन् । यस्तै भारतबाट सिजनमा झापा र आसपास क्षेत्रमा एक सय, बर्दियामा ५०, कैलाली र कञ्चनपुरमा ७० को हाराहारीमा जङ्गली हात्ती आउने र केही समय बसेर जाने गरेको उनले बताए ।
यसबाहेक नेपालमा घरपालुवा एक सय ७० (सरकारी एक सय १० र निजी ६०) को संख्यामा हात्ती छन् । हात्तीको गर्भावस्था २२ देखि २४ महिनाको हुन्छ । घरपालुवा हात्ती कोसी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका छन् । चितवनमा हात्तीको प्रजनन केन्द्र सफल रूपमा सञ्चालित छ ।
द्वन्द्वका कारण हुने मानवीय क्षतिलाई सम्बोधन गर्न सरकारले राहत प्रदान गर्ने व्यवस्था गरेको छ । मानव मृत्यु भएमा पीडित परिवारलाई १० लाख रुपैयाँसम्म राहत प्रदान गरिन्छ । गम्भीर घाइते भएमा दुई लाख, सामान्य घाइते भएमा २० हजार र अङ्गभङ्ग भएमा पाँच लाख रुपैयाँको राहत उपलब्ध गराइन्छ । त्यस्तै, घरगोठ क्षतिका लागि २० हजार रुपैयाँ र अन्नबाली क्षतिका लागि १० हजार रुपैयाँ राहत दिने कानूनी प्रावधान छ । झापामा मात्र विगत पाँच वर्षमा आठ सय ८४ घटना दर्ता भएका छन्, जसमा सरकारले करिब चार करोड तीन लाख रुपैयाँ राहतस्वरूप वितरण गरेको विभागको तथ्याङ्क छ ।
हात्ती जमिनमा पाइने सबैभन्दा ठूलो जनावर हो । हात्तीलाई हिन्दू धर्ममा भगवान्का रूपमा पूजा गर्ने गरिन्छ । विश्वका ५० देशमा हात्ती पाइए पनि दुर्लभ र लोपोन्मुख भएकाले नेपालको कानूनअनुसार हात्ती संरक्षित जनावरमा रहेको छ । सरकारले घरपालुवा हात्ती प्रयोग गरेर जङ्गली हात्ती र अन्य वन्यजन्तुको संरक्षण गर्दै आएको छ भने पर्यटन प्रवद्र्धनमा पनि हात्तीको ठूलो योगदान रहेको छ । रासस

# ८ हजार ग्याससहित चुल्हो वितरण

**मधेशदृष्टि**
**रौतहट ।**
भारतीय सीमासँग परोहा नगरपालिकाका प्रायः सम्पूर्ण परिवारलाई निःशुल्क ग्यास सिलिन्डरसहित चुल्हो सेट वितरण गरिएको छ । मेयर शेख वकीलको पहलमा नगरलाई धूँवामुक्त बनाउन ८ हजार परिवार लाई निःशुल्क ग्याससहित सिलिन्डर र चुल्हो सेट वितरण गरिएको हो ।
परोहा नगरपालिका–४ स्थित प्रहरी चौकीको प्रांगणबाट आइतबारदेखि ग्याससहितको चुल्हो सेट वितरण कार्यक्रम शुरु भएको थियो । ग्यास सिलिण्डर चुल्हो सेट वितरण कार्यक्रम बुधबार पनि जारी छ ।
नगर सभाबाट पारित कार्यक्रमअनुसार नगरको प्रत्येक घरपरिवारलाई पुग्ने गरी लगभग ८ हजार ग्यास चुल्हो सेट वितरण गर्ने योजना र कार्यक्रम तथा वितरण भइरहेको परोहाका प्रमुख प्रशासकीय अधिकृत महमद महफुज अहमदले बताए । दाउरा, कोइला, गुइँठा जस्ता परम्परागत इन्धनमा आत्मनिर्भर ग्रामीण क्षेत्रका घरपरिवारका महिलामा श्वासप्रश्वास जस्ता रोगको जोखिम रहेको भन्दै धूँवामुक्त नगर बनाउने चुनावमा गरेको प्रतिबद्धताअनुसार ग्याससहितको सिलिण्डर तथा चुल्हो सेट वितरण गरिएको मेयर शेख वकीलले बताए ।
नगरका हुनेखाने परिवारको पहिलेदेखि नै ग्यास चुल्होसम्म पहुँच भए पनि अति गरिब, विपन्न तथा दलित परिवारमा समेत नगरपालिकाद्वारा पहुँच बनाएपछि उनीहरू निकै खुशी भएका छन् । जिल्लाको १८ पालिकामध्ये अधिकांशमा बजेटकै भागबन्डाको विषयलाई लिएर जनप्रतिनिधिबबीच पटकपटक विवाद हुँदै आएको छ । तर, परोहाका मेयर शेख वकीलको सुझबुझले नगरमा बजेट अथवा अन्य कुनै विषयमा जनप्रतिनिधिबीच कहिल्यै मनमुटावसमेत नभएको स्थानीयले बताए ।

# एकैदिन २० फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटले एकैदिन २० जना फरार प्रतिवादी पक्राउ गरेको छ । प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा सञ्चालित अभियानअन्तर्गत मंगलबार एकैदिनमा २० जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला अदालत रौतहटबाट दोषी ठहर भएर दण्ड सजायसमेत तोकिएर फरार रहेका जालसाजी मुद्दाका ११ जना, चोरी तथा डाँका मुदाका ३ जना, लेनदेन मुद्दाका २ जना, कुटपिट मुद्दाका २ जना तथा सवारी ज्यान र बिगोसम्बन्धी मुद्दाका एक–एक गरी २० जना पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर रामकुमार महतोले बताए । पक्राउ परेका सबैलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत गौरमा उपस्थित गराइएको रौतहट प्रहरीको सूचनामा उल्लेख छ ।

# मिथिलामा तिला सक्रायतको तयारी



**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिला क्षेत्रमा पुसको छिप्पिँदो जाडोसँगै तिलासक्रायत पर्वको तयारी शुरु भएको छ । घरघरमा तिलासक्रायत पर्वका लागि सामग्रीको जोहो र पकाउने, तुल्याउने तयारीले अहिले चहलपहल बढेको हो । अहिले मिथिलावासीहरु पर्वको पूर्वतयारीमा जुटेका छन् । सौरमास गणनाले माघ लाग्ने सङ्क्रान्तिका दिन मनाइने यो पर्वका लागि आवश्यक सामग्री केही दिन पहिलेदेखि नै तयारी गर्नुपर्दा मिथिलानी (मिथिलाका नारी)लाई भ्याइनभ्याइ छ । यसपाली यो पर्व आगामी मङ्गलबार परेको छ ।

मुरीको धान निफन्नु, उसिन्नु, सुकाउनु, कुटेर चामल बनाउनु र मुरी भुट्नु अहिले गृहणीका काम हुन् । मुरीका लागि बनाइने चामलका लागि धान विशेष ढङ्गले उसिन्ने चलन छ । यसैगरी चिउराका लागि धान निफन्ने, भिजाउने र चिउरा कुट्ने कामको पनि चटारो छ । तिल निफन्ने, फल्ने (छाँट्ने, भिजाएर बाहिरी कल्ला फाल्ने), सुकाएर राख्ने, सक्खरको जोहो गर्ने र सङ्क्रान्तिअघि नै मुरी, चिउरा, जुनेलो बनाइसक्नुपर्ने चटारोले छोप्दा भ्याइनभ्याइ भएको भङ्गाहा–४ थारुटोल वनराकी ७५ वर्षीया रामसुनर देवी थारुले बताए ।

'पवनीले छोपिसक्यो, काम असरल्ल नै छन्', उनले भने, 'चिउरा कुट्न र मुरी भुट्न बाँकी नै छ, शनिबारयता मौसम सफा हुँदा अब सबै काम छिनिन्छ भन्ने लागेको थियो, हिजोदेखि फेरि हुस्सु बढ्नाले पीर लागेको छ ।' तिलासक्रायत मिथिलाका सबै जाति समुदायले उल्लासले मनाउने भए पनि थारुहरुको भने यो मुख्य पर्व नै हुँदा यहाँका थारु बस्तीमा विशेष चहलपहल देखिँदो छ । थारुहरु यस पर्वमा गच्छेअनुसार माछामासुका परिकार बनाउँछन् ।

मिथिलामा थारुबाहेक अन्य जाति समुदायमा पर्व मनाइसकेपछि छोरीचेली, मितमितिनी र नजिकी इष्टमित्रकहाँ सक्रायतको सनेस (कोसेली) लैजाने चलन छ । तर थारु समुदायमा यो पर्वमा छोरीचेली, ज्वाइँ, भाञ्जाभाञ्जी र नातिनातिना (छोरीका छोराछोरी)लाई पर्वअघि नै बोलाउने चलन छ । तिलासक्रायतमा घरकरेसामा लगाइएको तरुल, पिँडालु र सुठुनीलगायत कन्दमूलले राम्रो मूल्य पाउने आसमा किसान छन् । 'यी उत्पादन सङ्क्रान्तिको दुई दिनअघिदेखि बिक्छन्, त्यसैले भोलिपछि खन्न थाल्दा हुन्छ', बर्दिवास–९ का किसान महेन्द्रसिंह महतोले भने । यसपाली बर्खाकालको अनुकूल वर्षाले माटोको चिस्यान नमर्दा कन्दमूल राम्रो उत्पादन भएको किसान बताउँछन् । यहाँ सिमल तरुलभन्दा लहरे तरुल अझ बढी लगाइन्छ ।

# कठ्याङ्ग्रिने चिसोः महोत्तरीका विद्यालय बन्द

**मधेशदृष्टि**
**महोत्तरी ।**
विगत तीन दिनदेखि एक्कासि जाडो बढेपछि जिल्लाका पाँच वटा पालिकाले आफ्नो नगरभित्रका विद्यालय बन्द गरेका छन् ।

सदरमुकाम रहेको जलेश्वर र मनरासिस्वा नगरपालिका तथा पिपरा, सोनमा र एकडारा गाउँपालिकाले जाडोका कारण पठनपाठन सञ्चालन गर्न असहज भएको भन्दै बुधबारदेखि लागू हुनेगरी एक साताका लागि नगरभित्रका विद्यालय बन्द गरेका हुन् । जलेश्वर, मनरासिस्वा, सोनमा र पिपरा गाउँपालिकाले आजदेखि लागू हुनेगरी पुस २९ गतेसम्मका लागि विद्यालय बन्द गरेका छन् भने एकडारा गाउँपालिकाले आगामी माघ १ गतेसम्मका लागि विद्यालय बन्द गरेको विज्ञप्तिमार्फत जनाएका छन् ।

साना बालबालिका अत्यधिक जाडोका कारण प्रभावित हुन थालेपछि १० नगरपालिका र पाँच गाउँपालिका रहेका महोत्तरीका पाँच वटा पालिकाले बर्खे बिदाबाट कट्टा हुनेगरी जाडो बिदा दिँदै नगरभित्रका विद्यालयमा पठनपाठन बन्द भएको जनाएका छन् । तराई मधेसमा विगत दुई–तीन दिनदेखि एक्कासि शीतलहर र चिसो हावा चल्न थालेपछि कठ्याङ्ग्रिदो र असहनीय जाडो भएर जनजीवन प्रभावित बनेको छ । असहनीय जाडोका कारण स–साना बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# बरियारपुरमा ५२ जनाद्वारा रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको बरियारपुरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । जनजागरण युवा क्लब बरियारपुर २७ औं वार्षिकोत्सवको अवसरमा रक्तदान सम्पन्न भएको हो । क्लबका अध्यक्ष भैयाराम यादवको अध्यक्षतामा भएको कार्यक्रममा चार जना महिलासहित ५२ जनाले रक्तदान गरेका हुन् । बाराको महागढीमाई नगरपालिकाको आर्थिक सहयोगमा सम्पन्न कार्यक्रममा रिना कुमारी, गङ्गा थापा, मिना गुप्ता, अवधेश प्रसाद यादव, बाबुराम प्रसाद यादव, नवराज घिमिरे, नरेश प्रसाद साह, मुन्द्रिका चौरसिया, सुरेश यादव, पवन सहनी लगायतले रक्तदान गरेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठि शाखाका युवा संयोजक अभिलाष गुप्ताले जानकारी दिए । रक्तदान कार्यक्रमको उद्घाटन महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादवले गरेका थिए । उनले रगतको परिपूर्तीमा युवाको भूमिका महत्वपूर्ण भएको बताए । आगामी दिनमा पनि रक्तदान कार्यक्रमलाई निरन्तरता दिन उनले अनुरोध गरे । कार्यक्रममा जनजागरण युवा क्लब बरियारपुर बाराका कार्यकारी निर्देशक डा. निवास बैठा, उपाध्यक्ष राज देव साह लगायतका रक्तसञ्चार केन्द्र वीरगंजका मनिष गुप्ता, नितेश यादव, लिलाधर साह, समिर अलि लगायतको उपस्थिती रहेको थियो ।

# मोतियाविन्दुका बिरामीको निः शुल्क उपचार



**मधेशदृष्टि**
**सिरहा ।**
लहान नगरपालिकाले यस वर्ष पनि बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गर्ने भएको छ । यसका लागि मंगलबार नगर प्रमुख महेशप्रसाद चौधरी र सगरमाथा चौधरी आँखा अस्पताल अध्यक्ष रवीन्द्रलाल चौधरीले सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । नेपाल नेत्रज्योती संघद्वारा सञ्चालित सो अस्पताल आँखा उपचार सेवाका लागि अब्बल रहेको छ । सम्झौताअनुसार शिविरमा मोतियाविन्दुको पहिचान भएका बिरामीको शल्यक्रियाको खर्च नगरपालिकाले व्यहोर्ने छ । 'हामीले प्रत्यक वर्ष निःशुल्क आँखा शिविर आयोजना गर्दै आएका छौँ । सोहीअनुरुप अब वडावडामा शिविर आयोजना गरिनेछ', नगरप्रमुख चौधरीले भने, 'शिविरले यहाँका गरिब तथा विपन्न समुदाय लाभान्वित हुने विश्वास लिएको छु ।' केही दिनभित्रै गाउँगाउँमा शिविर सञ्चालन गर्ने भन्दै नगरप्रमुख चौधरीले एक हजार मोतियाविन्दुका बिरामीको शल्यक्रिया गर्ने लक्ष्य रहेको जानकारी दिए । नगरप्रमुख चौधरीको अनुसार विगत दुई वर्षदेखि यसरी शिविर सञ्चालन गरिएको र यस क्रममा पहिलो वर्ष सात हजार जनाले आँखा जाँच गराएका थिएभने एक हजार ९२ जना मोतियाविन्दुको पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको थियो । यसैगरी, दोस्रो वर्ष तीन हजार जनाले आँखा जाँच गराउँदा सात सय मोतियाविन्दु पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको थियो । जाडोको समयमा आँखाको रोगको सङ्क्रमण धेरै हुने र गाउँगाउँमा पैसको अभावमा बिनाउपचार बस्ने गरिब तथा विपन्न समुदायलाई निःशुल्क आँखा शिविरले सहयोग पुग्ने अस्पतालका अध्यक्ष रवीन्द्रलालले बताए ।

# ठोरीमा जंगली हात्ती आतंक



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा जंगली जनावरको आतंक बढ्दै गएको छ । बुधबार बिहान पर्साको ठोरी गाउँपालिकामा फेरि जंगली हात्तीले आतंक मच्चाएको छ ।

चितवन राष्ट्रिय निकुञ्जबाट गाँउमा पसेको हात्तीले ठोरीका स्थानीयहरुको घर भत्काउनुका साथै धान पनि खाईदिएको छ । बिहान ३ बजेतिर हात्तीले ठोरी गाँउपालिका वडा नम्बर २ गौतमनगरका चेतबहादुर बस्नेतको घरको बार भत्काएर भकारीमा राखिएको १२ मुरी भन्दा बढी धान खाइदिएएको स्थानीयहरुले बताएका छन् । यस्तै काजी प्याकुरेलको घरपनि उक्त हात्तीले घर भत्काएर घरमा राखिएको धान खाइदिएको छ भने सीता गौतमको घरको बारपनि भत्काइदिएको वडाध्यक्ष अमृतकृष्ण सापकोटाले जानकारी दिए ।

धान खाइ रहेको अवस्थामा गाउँलेहरुले हो हल्ला गरी भगाएपछि उक्त हात्ती ईच्छानगरमा पसेर मानवबस्तीमा पुगेको थियो । तीनदिन पहिलेमात्रै ठोरीसँगै जोडिएको निकुञ्जको अमुवा पोष्टमा तैनाथ नेपाली सेनाका एक जवानलाई हात्तीले घाइते बनाएको थियो । गाउँमा जंगली जनावरहरुको बढ्दो आतंकका कारण स्थानीयहरु त्रसित भएका छन् । रातको बेला जंगलबाट आएका बाघ, हात्ती गाउँमा पसेर स्थानीयहरुको घर भत्काउने, घरपालवा जनावर मार्ने लगायतका गतिविधिका कारण गाउँलेहरुमा त्रासको वातावरण सृजना भएको छ ।

# गाँजासहित ४ जना नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ५० किलो लागु औषध गाँजा सहित ४ जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा बहुदरमाई नगरपालिकाका वडा नम्बर १ का ४० वर्षीय पारस यादव र ५२ वर्षीय मैनोदिन मियाँ, वडा न्म्बर ७ का ३६ वर्षीय अकबर मियाँ र ४५ वर्षीय शिव महतो रहेका छन् ।

प्रहरीले उनीहरुलाई वीरगंज महानगरपालिका वडा नम्बर २० हरपतगञ्ज चोक स्थित सडकखण्डमा गाँजासहित नियन्त्रणमा लिएको हो । कुलोको बाटो हुँदै ४ जना अभियुक्त जादैँ गरेको अवस्थमा उनीहरु माथि शंका लागी चेकजाँच गर्दा उनीहरुले प्लाष्टिकको बोरा भित्र रातो प्लाष्टिकले बेरी राखिएको लागु औषध गाँजा ४ पोकामा ५० के.जी बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्ररही प्रवक्ता किशोर लाम्सालले जानकारी दिए ।

लागु औषध गाँजा सहित पक्राउ परेका अभियुक्तहरुलाई लागु औषध सम्बन्धी कसूरमा थप अनुसन्धान कार्य भइरहेको पर्साका प्रहरी नायब उपरीक्षक तथा प्रहरी प्रवक्ता लाम्सालले बताए ।

# लायन्स क्लबद्वारा कम्बल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब अफ वीरगंज सेन्ट्रलले चिसोबाट प्रभावित परिवारलाई न्यानो कम्बल वितरण गरेको छ ।
क्लबले वीरगंज महानगरपालिकास्थित परवानीपुर क्षेत्रको गण्डक बहुअरीमा चिसोबाट प्रभावित ४० जनार्लाई कम्बल वितरण गरेको हो । तराई क्षेत्रमा बढ्दै गएको शितलहरको कारण खासगरी विपन्न वर्गहरु समस्यामा पर्ने हुँदा उनीहरुलाई राहत प्रदान गर्ने उदेश्यले कम्बल वितरण गरेको । लायन्स क्लब अफ वीरगंज सेन्ट्रलकी अध्यक्ष रेखा वैद्यले बताइन् । कार्यक्रममा क्लबका पूर्व अध्यक्ष सीता अग्रवाल, आशा अग्रवाल, कविता हालन र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो ।

नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमिव्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय मौलापुर, रौतहट

विषय : ३५ दिने सार्वजनिक सूचना

जिल्ला बारा साविक गा.वि.स. देवापुर वार्ड नं. २ हाल सिम्रौनगढ न.पा.-१० मा बस्ने भगलु रायको नामदर्ताको तपसिलका जग्गा जिल्ला बारा साबिक गा.वि.स. देवापुर वार्ड नं. २ हाल सिम्रौनगढ न.पा.-१० मा बस्ने लालबचन राय यादवले आफ्नो नाममा नामसारी गरी पाउँ भनी द.नं. १४३९ मिति २०८१/०६/३० को माग निवेदन।

तपसिल

| गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| पिपरिया | ६ | १८१ | ०-०-१५ | भगलु राय |
| पिपरिया | ६ | १८२ | ०-३-१६ | भगलु राय |

माथि उल्लेखित जग्गाको माठ भिडान हुँदा ज.ध.को नाम भगलु राय, वतन जिल्ला बारा गा.वि.स. देवापुर वार्ड नं. २, बाबु देवशरण राय, बाजे गणेश राय यादव, ना.प्र.नं. ८९/२५१७०१४४ जारी मिति २०३४ मात्र उल्लेख गरी जग्गको विवरणमा गा.वि.स. पिपरिया वडा नं. ६ कि.नं. १८१ क्षे. ०-०-१५ र कि.नं. १८२ क्षेत्र. ०-३-१६ उल्लेख रही रोक्क देखिदैन भनी उल्लेख भएकोदेखिन्छ। जिल्ला बारा सिम्रौनगढ न.पा. १० को च.नं. १७० मिति २०८१-५-१८ गतेको पत्रबाट ज.ध. भगलु राय र निजको एकमात्र पत्नी कैलसिया अहिरिनको मृत्यु पश्चात हक खाने हकदार एकमात्र छोरा लालबचन राय यादव भएकोमा माथि उल्लेखित जग्गा लालबचन राय यादवको नाम एकलौटी नामसारी गरिदिन लेखि आएकोमा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निवेदकको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस कसको हकभोगमा रहेको छ ? निवेदक र मृतकबीच के नाता सम्बन्ध रहेको छ ? सो जग्गा कुनै किसिमले बिक्री वितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? भगलु रायको तीनपुस्ते के-कस्तो छ ? भगलु रायको श्रेस्तामा उल्लेखित देवशरण राय र जिल्ला बारा सिम्रौनगढ न.पा. १० को च.नं. १७० मिति २०८१-५-१८ गतेको पत्रमा उल्लेखित शिवशरण राय यी दुईटै नाम गरेका व्यक्ति एउटै हुन् कि फरक हुन् ? मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन् ? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सूचनाको ३५ दिनभित्र बाटोको म्यादबाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जानेछ भन्ने व्यहोरा सर्वसाधारणको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## सम्पादकीय

# रविलाई पुर्पक्षमा पठाउने तयारी !

*\कात्तिक २ गते पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेको अदालतमा बयान प्रक्रिया चलिरहेको छ । तर अदालतले के फैसला सुनाउला भन्ने देशविदेशमा रहेका नेपालीलाई थाहा भइसकेको छ । पारदर्शीताका नाममा हामी यति छाडा र अराजकताको सिकार भएका छौँ कि, हाम्रा सरकार र न्यायालयले के गर्दैछ भन्ने पनि हामी थाहा पाउँछौँ, नभएको हल्ला चलाउँछौँ। यति मात्र होइन, सामाजिक सञ्जालमा त चार पाँचपटक भइसक्यो रवि लामिछाने भर्खर बा–इज्जत रिहा भए भनेर कुनै पुरानो भिडियो भाइरल गराएको। सूचनाको हकको पनि सीमा हुन्छ, सामाजिक सञ्जाल सञ्चालनका पनि नियम हुन्छन् । र, अदालतमा गएको विषयमा पनि सीमाहरु हुन्छन् । एकातिर सरकार उस्तै छ हाम्रो, यस्तो निर्णय आउनसक्छ भनेर जनताले गरेको अनुमान फेल नखाने, अर्कातिर हामी नागरिकहरु पनि उस्तै छौँ, सरकारले काम गरेन भन्ने, यथार्थमा चैँ हामी पनि काम नगर्ने, कुरा मात्रै गर्ने, कुरा गरे पनि हुन्थ्यो, कुरा मात्रै काट्ने । हो, अब अदालतले सायद रवि लामिछानेलाई पुर्पक्षमा पठाउने तयारी गर्दैछ । यस्तै छनकको हावा चलिरहेको छ । प्रहरी, अदालत र सरकारका मान्छेहरुको कुरा सुन्दा यस्तै फैसला, जसमा रवि लामिछाने पुर्पक्षमा पठाउन सकिने फैसला आउने अनुमान छ। अब रविविनाको रास्वपा कस्तो होला ? यता आन्दोलन गर्दै रक्षात्मक अवस्थामा पुगेको रास्वपामा रविपछिको नेतृत्वबारे बहस चल्न थालेको छ।*

*पोखराबाट आउने सन्देशको प्रतीक्षामा सिंगो नेपाली समुदाय छ। रास्वपा सभापति रवि लामिछानेको बयान प्रक्रियापछि अदालतबाट के फैसला आउला ? रास्वपाको पार्टी जीवनका लागि रविको रिहाई जीवनमरणको संघर्ष बनेको छ । रविले आफूलाई सहकारी अपचलनमा फसाइएको दाबी गरेका छन् । जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले रविमाथि सूर्यदर्शन सहकारी ठगी मात्रै नभएर संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा चलाउने गरी अदालतमा अभियोगपत्र दायर गरेपछि रविको राजनीति सकाउन अध्यादेश ल्याएर सहकारी ऐन पनि संशोधन भएको छ । सहकारीको रकम अपचलनसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा रवि लामिछाने डामिएका छन् । करिब २८ करोड रुपैयाँ स्रोत नखुलेको लामिछानेमाथि आरोप छ। रवि लामिछाने कथमकदाचित पुर्पक्षमा पठाइए भने लामो समयदेखि रिक्त देखिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सभापति को होलान् ? यतातिर पनि बहस शुरु भएको छ। डाक्टर स्वर्णिम वाग्ले, डोलप्रसाद अर्याल या अरु कोही ? अबको रास्वपाको सभापतिको नेतृत्व कसले लिन सक्लान् ? चौथो शक्तिको हैसियतमा राज्यसँग लड्न सक्लान् ? किनभने राज्य कठोरसँग उत्रिन्छ भन्ने बालकृष्ण खाण, टोपबहादुर रायमाझीपछि रवि लामिछानेले बुझ्दा तपाईं हामीले पनि बुझ्न बाँकी केही छैन।*

*छोटो समयमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र त्यसका पनि नायक रवि लामिछानेमाथि राज्यको कठोर गिद्देदृष्टि देखिएकै छ । शुरुमा मुद्दामा रवि जोडिन्छन् भन्ने थियो । तर यति कठोरसँग रविमाथि उत्रने अनुमान थिएन । उनै रवि लामिछानेले कृष्णबहादुर महराको प्रसंगमा भनेका थिए, 'राज्यको करुणाभाव पनि हुन्छ ।' तर स्वयम् रवि लामिछानेमाथि यस्तो करुणाभाव देखिएन । उसै पनि बालकृष्ण खाणजस्तो अहिलेका सरकारका खम्बाका खुट्टाहरु काट्ने रवि लामिछानेको हिम्मतले सायद ठूला दलहरु बुढेसकालमा हिरासतको हावा चाख्नु पर्ने डरमा थिए। त्यसैले कठोरसँग रविमाथि उत्रिए, यतिले नपुगेर अध्यादेशबाट सहकारी ऐनमा पनि संशोधन गरे र रविमाथि नै प्रहार गरे । यो कठोर राजनीतिले भन्छ, नेपालको राजनीति लामो संघर्षपछिको थोरै समय सत्ताको चास्नीमा डुब्ने हो, पाएका बेला एकले अर्कालाई नछाडौँ। तपाईंले व्यापारीसँग जति किन्नु हुन्छ, त्यसमा उसले केही मार्जिन ठग्छ, तपाईंलाई पढाउनेले पूर्वाग्रह राख्यो भने तपाईंको प्रमाणपत्रमा रातो चिन्ह लगाएर एकदुईपटक फेलसम्म गराउन सक्छ, तर तपाईंको घर, परिवार, सम्पत्ति, करियर कसैले सकाउँछ भने त्यो राजनीति गर्नेहरुले सकाउँछ, त्यसैले सबैसँग जुध्नुहोस्, राजनीति गर्नेसँग जुध्ने हो भने हिम्मत नहार्नुहोस्, मुटु ठूलै पार्नुहोस्। नत्र सबैलाई रवि लामिछाने बनाइदिन्छन् राजनीति गर्नेहरुले।*

## सडक सञ्जाल विस्तार भएसँगै कप्रुडाँडा पर्यटकीय गन्तव्य बन्दै

**वासुदेव पौडेल**

कास्कीको मादी गाउँपालिका–२ स्थित कप्रुडाँडाको पर्यटकीय सम्भावनालाई अध्ययन गरी पाँच वर्षअघि सडक सञ्जाल विस्तार भएसँगै पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ। नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र मादी गाउँपालिकाको सहकार्यमा पर्यटकीय सम्भावनाको अध्ययन गरी कप्रुडाँडालाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यका रूपमा विकास गर्न थालिएको हो।

१० वर्षअघिसम्म कप्रुडाँडा भेँडीगोठ र गाईभैँसीको चरन क्षेत्र थियो । गोठालाहरूले पशुवस्तु लिएर जाने स्थल अहिले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको स्थानीय बताउँछन्। पर्यटकीय सम्भावना र चुनौतीबारे अध्ययन गरी पर्यटक लक्षित सुविधा सम्पन्न सडक, होटललगायत पूर्वाधार विकास गरेसँग यहाँ पुग्ने पर्यटकको सङ्ख्या बढ्दै गएको कप्रुडाँडास्थित होटल मिडनाइट क्याम्पर्सका सञ्चालक हिमाल गुरुङले बताए।

'वरपर ढपक्क ढाकिएका गुराँसे जङ्गलको बीचमा खुल्ला भूभाग, यहाँबाट सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यसँगै मनास्लु हिमाल, अन्नपूर्ण दोस्रो, तेस्रो र चौथो, अन्नपूर्ण साउथ, माछापुच्छ्रे, मर्दी, बुद्ध, हर्क गुरुङलगायत हिमालको दृश्य एकसाथ नियाल्न सकिन्छ। यो ठाउँ पछिल्लो पाँच वर्षको अन्तरालमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्य बनेको छ', उनले भने।

यहाँको पर्यटकीय सम्भावनालाई दृष्टिगत गरी पाँच वर्षअघि बाटो पुगेको थियो। महामारीले दुई वर्ष पर्यटकीय गतिविधि प्रभावित भए पनि त्यसयता आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको होटल सञ्चालक हिमाल गुरुङले उल्लेख गरे। 'यहाँ धेरै वर्ष अघि गोठ थिए, अहिले गोठ पनि छैनन्', उनले भने, 'यो पुरातात्विक ठाउँ पनि हो। क्होलोसोथारमा घले राजाको राज हुँदा कर उठाउन राजाले आफ्ना दूतलाई कप्रुडाँडासम्म पठाउँथे भन्ने इतिहास रहेको ज्येष्ठ नागरिकहरू बताउँछन्।'

स्थानीयका अनुसार गाउँको सिरानस्थित गोलो आकारको समथर भूभाग यस ठाउँमा पहिलेपहिले गाउँलेहरू गाईभैसी चराउन आउँथे । 'गाउँलेहरू घाँसदाउरा गरेर साँझमात्र घर फर्कन्थे । त्यसैले यो ठाउँ यहाँको परम्परागत जनजीविकासँग पनि जोडिएको छ । यहाँबाट करिब १० घण्टाको पैदलयात्रामा गुरुङ जातिको उद्गमस्थल क्होलासोथार पुग्न सकिन्छ', यहाँका पर्यटन व्यवसायी भुपाल गुरुङले भने।

पर्यटन व्यवसायी गुरुङका अनुसार कोरोना महामारीमा सामाजिक सञ्जालसहित अन्य माध्यमबाट प्रचारप्रसारका गतिविधि गरिएसँगै अहिले दैनिक एक सयदेखि एक ५० जनासम्म पर्यटक यहाँ पुग्ने गरेका छन् । वरपर जङ्गलैजङ्गलले घेरिएकाले विभिन्न प्रजातिका चराचुरुङ्गीका साथै रमणीय दृश्य, सुन्दर हिमालहरू अवलोकन गर्न पर्यटक आउने गरेका उनले जानकारी दिए। पदयात्रा र हाइकिङ रुचाउने पर्यटकहरू कास्कीको पर्यटकीय गुरुङ गाउँ ताङतिङबाट करिब चारदेखि छ घण्टाको पदयात्रा गरेर कप्रुडाँडा पुग्छन्। पछिल्लो समय यहाँ पुग्ने मोटरबाटो बनेपछि कतिपय निजी सवारीसाधन लिएर यहाँ आउने गरेका पर्यटन व्यवसायी गुरुङले बताए । पोखराका साथै काठमाडौँ, भक्तपुर, बुटबललगायत स्थानबाट पनि हिमाल हेर्न आन्तरिक पर्यटक यहाँ आउने गरेका उनले उल्लेख गरे।

यस वर्षको क्रिसमस (पुस १० गते) बुटवलबाट १० जना युवा मोटरसाइकल लिएर यहाँ आएका थिए । यसअघि सामाजिक सञ्जालबाट जानकारी पाएको बताउँदै यहाँ आएपछि देखिएका हिमाली दृश्य, मनमोहक प्राकृतिक सुन्दरता, स्थानीय परिकारका स्वादसहितका खानालगायतले थप प्रभावित बनाएको युवा सुमन थापाले उल्लेख गरे।

'मोटरसाइकलबाट आउन सकिने कप्रुडाँडा हिमाल हेर्न, गुरुङ सम्पदा र रहनसहन बुझ्न, वातावरणीय सुन्दरता नियाल्न उत्कृष्ट गन्तव्य रहेछ', अनुभव सुनाउँदै उनले भने, 'यस्ता ठाउँहरूको प्रचारप्रसार गरी पर्यटन प्रवद्र्धनतर्फ सरोकार भएका निकाय र राज्यले ध्यान दिनु आवश्यक छ। यसले मुलुकको पर्यटन प्रवद्र्धन हुनुका साथै आर्थिक समृद्धि प्राप्त गर्न सकिन्छ।'

विशेषतः केही वर्षयता हिउँ परेका समयमा पोखरा र आसपासका क्षेत्रबाट यहाँ आउने आन्तरिक पर्यटकको घुइँचो लाग्ने होटल व्यवसायी बताउँछन् । हिउँ परेपछि डाँडाका होटेलदेखि तल रहेको ताङतिङ गाउँमा पनि पर्यटकको घुइचो अत्यधिक हुने होटल मिडनाइट क्याम्पर्सका सञ्चालक गुरुङले जानकारी दिए। 'हिउँ परेको समयमा ताङतिङ वा कप्रुमा बास बसेर भोलिपल्ट दिनभर हिउँ खेली पर्यटकहरू फर्कने गर्दछन्', उनले भने।

पर्यटकको आगमन बढ्न थालेपछि कप्रुडाँडामा चारवटा सुविधासम्पन्न होटेल सञ्चालनमा ल्याइएको पर्यटन व्यवसायी गुरुङले जानकारी दिए। उनका अनुसार यहाँ आएका पर्यटकलाई बेलुकाको चिया मकै, खाना, सुत्ने टेन्टको व्यवस्थासँगै भोलिपल्ट बिहानको खाजा, चिया समेत गरी रु एक हजार पाँच सयको प्याकेज निर्धारण गरिएको छ।

समुद्री सतहबाट दुई हजार नौ सय मिटर उचाइमा रहेको कप्रुडाँडालाई गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गअन्तर्गत समेट्दै यसको प्रवद्र्धनमा जोड दिएको सङ्घका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले बताए । पदयात्रा मार्गअन्तर्गत यही पुसको दोस्रो साता सिक्लेसबाट कपुचे–कोरी–ठूलोलेक–क्होलासोथार हुँदै कप्रुडाँडा र त्यहाँबाट याङ्जाकोटसम्मको प्रवद्र्धनात्मक पदयात्रा सम्पन्न गरिएको उनले जानकारी दिए।

सङ्घका अध्यक्ष गुरुङका अनुसार क्होलासोथार पुगेका पदयात्रीहरू त्यहाँबाट करिब चार घण्टा हिँडेर पुगिने तप्रामा बिहानको खाना खाएपछि थप पाँच घण्टा डाँडैडाँडा, पहाड, जङ्गल र हिमाल हेर्दै कप्रुडाँडा पुग्दछन्। गुराँसे जङ्गल, रङ्गीवीरङ्गी फूल, चराचुरुङ्गीको आवाजसँगै हिमालको दृश्यावलोकन गर्दै पदयात्रा गर्नु यहाँको विशेषता रहेको उनले बताए। भेँडीगोठ, नुन लिन जाने मार्ग, बस्तीसँगको परम्परागत सम्बन्धलगायत कारणले कप्रुडाँडालाई गुरुङ सम्पदा पदमार्गका रूपमा प्रवद्र्धन र विकास गर्न खोजिएको गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष किशमकुमारी गुरुङले बताइन्।

पछिल्ला समय जथाभावी बाटो खन्ने नाममा विभिन्न पदमार्गहरू छोटिएको अवस्थामा कप्रु र आसपासका क्षेत्रलाई गुरुङ सम्पदा पदमार्गसँग जोड्दै यी स्थलहरूको प्रवद्र्धन र विकासलाई सङ्घले प्राथमिकतामा राखी विविध गतिविधि गर्दै आएको सङ्घ गण्डकी प्रदेशका अध्यक्ष गुरुङले जानकारी दिइन्। सङ्घको यस काममा स्थानीय, प्रदेश र सङ्घीय सरकारका साथै सरोकार भएका सबैले सहयोग र समन्वय गर्नुपर्नेमा उनले जोड दिइन्। रासस

## काठमाडौंका कैदीबन्दी नुवाकोट स्थानान्तरण गरिँदै

नुवाकोटमा सञ्चालनमा ल्याइएको केन्द्रीय कारागारमा कैदीबन्दी थप गर्ने क्रम जारी छ । दोस्रो चरणअन्तर्गतका भौतिक संरचना निर्माणको काम पूरा भएसँगै गत भदौ १५ देखि सञ्चालनमा ल्याइएको कारागारमा अहिले सात सय ५८ जना कैदीबन्दी राखिएको शाखा अधिकृत इन्द्रबहादुर खतिवडाले जानकारी दिए।

उनका अनुसार जिल्ला कारागार नुवाकोटका एक सय ४८ कैदीबन्दी स्थानन्तरण गरेर सञ्चालनमा ल्याइएको थियो । हाल यस आसपासका जिल्लाबाट कैदीबन्दी ल्याउने क्रम जारी छ । 'अबको केही दिनमा पूर्ण क्षमतामा कैदी व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीलाई अन्तिम चरणमा पुर्‍याइएको छ,' उनले भने।

कारागारको भौतिक संरचना निर्माण पूरा भए पनि भन्सा सञ्चालन, कर्मचारी व्यवस्थापनलगायत कार्य मिलाई क्रमशः अन्यत्र जिल्लाका कैदी ल्याउने क्रम जारी छ। यहाँको कारागारमा केन्द्रीय कारागार (जगन्नाथदेवल), नक्खु कारागार ललितपुर, डिल्लीबजार कारागार काठमाडौँका क्षमताभन्दा बढी हुन आउनेमध्येका कैदीबन्दी स्थानान्तरण भइरहेको कारागार व्यवस्थापन विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिए।

उनका अनुसार उपत्यकाको कारागारसहित आसपासका रसुवा, धादिङ, गोरखाका क्षमताभन्दा बढी हुन आउने सङ्ख्याका कैदीबन्दी ल्याएर पूर्ण क्षमतामा सञ्चालन गरिने छ।

केन्द्रीय कारागारलाई आधुनिक एवं औद्योगिक कारागारका रूपमा स्थापित गराउन आवश्यक संरचना क्रमशः निर्माण गर्दै अघि बढ्ने सरकारको योजना छ। सोहीअनुसार तेस्रो चरणको भौतिक संरचना निर्माण अघि बढाउन गृहकार्य भइरहेको छ।

'देशभर १३ हजार कैदीबन्दी क्षमताको कारागारमा हाल २८ हजारभन्दा बढी रहेकाले नुवाकोटको केन्द्रीय कारागारलाई जतिसक्दो चाँडो पूर्णता दिन सरकार प्रतिबद्ध छ,' महानिर्देशक भट्टराईले भने।

काठमाडौँमा रहेको केन्द्रीय कारागारलाई २०७० साल चैत २० मा बसेको मन्त्रिपरिषद् बैठकले विदुर नगरपालिका–६ स्थित खम्पा क्याम्पमा स्थानान्तरण गर्ने निर्णयअनुरुप निर्माण गरेको यस कारागारको गुरुयोजनाअनुरुप पाँच चरणमा काम सम्पन्न गर्ने उल्लेख छ।

तेस्रो चरणमा पहिलो युनिटका लागि चाहिने १० वटा ब्लकमा एक हजार तीन सय ७० जना कैदीबन्दी राख्न भौतिक संरचनाको निर्माण, प्रशासनिक भवन, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा युनिट बस्ने संरचना निर्माण गरिएका छन्।

केन्द्रीय कारागार निर्माणको गुरुयोजनाअनुरुप तेस्रो चरणको भौतिक संरचना निर्माणका लागि विभाग जुटेको छ। तर, यसका लागि यसअघि लगाएको ठेक्का प्रक्रियामा आर्थिक स्रोतको सुनिश्चित नहुँदा त्यसका लागि पहल भइरहेको महानिर्देशक भट्टराईले जानकारी दिए । गुरुयोजना अनुसार सञ्चालनमा आएको कारागारको प्रत्येक ब्लकमा जघन्य अपराधमा संलग्नलाई राख्न एक–एकवटा 'कालकोठरी' बनाइएको छ । तर, औद्योगिक कारागारको रुपमा स्थापना गर्ने सरकारको लक्ष्यअनुरुपका अन्य संरचना भने बनाउन बाँकी छ।

'औद्योगिक, आधुनिक एवं नमूना कारागाराको रुपमा स्थापना गर्ने सरकारको लक्ष्यअनुसार नुवाकोटको कारागारलाई सुविधासम्पन्न बनाउन थप चरणका काम अघि बढाउन बजेट व्यवस्थापनको पर्खाइमा छौँ,' उनले भने, 'खेलमैदान, योग केन्द्र, अस्पताल, विद्यालय एवं क्याम्पस, पुस्तकालय, सीप प्रवद्र्धन केन्द्र, किरियापुत्री कक्षसहितका सुविधा अब बन्ने नयाँ संरचनामा समावेश गरिने छ।'

कारागारका लागि आवश्यक भौतिक संरचनाको निर्माण र व्यवस्थापन केन्द्रीय सरकारमार्फत सञ्चालन गरिने छभने सीप प्रवद्र्धनसहितका कार्यक्रममा प्रदेश सरकारको सहभागिता जुटाउन थालिएको छ। यस्तै, ढल प्रशोधन र बायोग्यास प्लान्ट सञ्चालन र व्यवस्थापनसहितका कार्यमा स्थानीय सरकारको साझेदारी खोजिएको छ।

सोहीअनुरुप अन्तिम एवं पाचौँ चरणमा रहेको ढल प्रशोधन गरेर बायोग्यास प्लान्ट बनाउने योजनालाई विदुर नगरपालिकाले अघि बढाउन सुरु गरेको नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिए । उनका अनुसार संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको लगानीमा काम अघि बढाउन लागिएको हो। उक्त कार्यका लागि हालै कारागारका नाममा रहेको ३० रोपनी जग्गा उपभोग गर्न समझदारी गरिएको छ। रासस

## सुन्तला र अलैँचीखेतीमा किसानको आकर्षण



रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका पछिल्लो समय व्यावसायिक सुन्तलाखेती गर्ने किसानको सङ्ख्या बढेको छ । पालिकाभर एक सय तीन किसानले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन्।



पालिकामा यस वर्ष किसानले एक सय ९४ मेट्रिक टन सुन्तला उत्पादन गरेको त्रिवेणी गाउँपालिका कृषि शाखा प्रमुख रमेश पुनले जानकारी दिए । उनका अनुसार गाउँबाटै प्रतिकिलो रु ५२ का दरले सुन्तला बिक्री भएको छ।

उनका अनुसार पालिकावासीले यस वर्ष सुन्तला बिक्रीबाट एक करोड एक लाख आठ हजार आठ सय रुपैयाँ आम्दानी गरेका छन्। केही स्थानमा सुन्तला बिक्री हुन बाँकी रहे पनि अधिकांश किसानले सुन्तला बिक्री गरिसकेको छन्। व्यावसायिक सुन्तलाखेती गर्ने एक सय तीन जना किसानमध्ये २२ जना किसानको सुन्तला असिनाले क्षति पुर्‍याएको थियो। असिनाले क्षति नपुर्‍याएका ठाउँमा भने किसानले सुन्तलाबाट राम्रो मनग्य गरेका छन्।

व्यावसायिक सुन्तलाखेती गर्ने प्रत्येक किसानले चार रोपनी क्षेत्रफलभन्दा बढी जग्गामा सुन्तलाखेती गर्दै आइरहेका छन् । एक रोपनी क्षेत्रफलमा छ क्विन्टलसम्म सुन्तला उत्पादन हुने गरेको कृषि शाखा प्रमुख पुनले जानकारी दिए। पालिकाभर तीन सय २४ रोपनी अर्थात् १६ दशमलव दुई हेक्टरमा सुन्तलाखेती भइरहेको छ । व्यावसायिक रूपमा पालिकाको वडा नम्बर १, ४, ५, ६ र ७ का किसानले सुन्तला उत्पादन गर्दै आएका छन्।

सुन्तलाखेतीबाट गत वर्षभन्दा यस वर्ष राम्रो आम्दानी भएको त्रिवेणी –४ जुगेपानीका ५२ वर्षीय किसान चन्द्रबहादुर खड्काले बताए। यो सिजनमा सुन्तला बिक्रीबाट रु सात लाख ८३ हजार आम्दानी गरेको खड्काको भनाइ छ। 'सुन्तला बिक्री गर्न समस्या छैन, खरिद गर्न व्यापारी घरमै पुग्छन्, घरबाटै रु सात लाख ८३ हजारको सुन्तला बेचेँ', खड्काले भने। प्रतिकिलो ६२ रुपैयाँका दरले घरबाटै सुन्तला बिक्री गरेको उनले बताए। यसपटक एक सय ४२ क्विन्टल सुन्तला बिक्री गरेको उनले बताए। यस वर्ष सुन्तला राम्रो उत्पादन भएको र मूल्य पनि राम्रै पाएको खड्काको भनाइ छ । अन्य खेती छाडेर उनले व्यावसायिक रूपमा सुन्तला र अलैँचीखेती गर्दै आएका छन्। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# मुख्यमन्त्रीसमक्ष कार्यदलद्वारा प्रतिवेदन प्रस्तुत

**मोरङ ।** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीयता कार्यान्वयन तथा प्रदेश कानुन निर्माण प्रतिवेदनलाई गम्भीर रूपमा अध्ययन गरी कार्यान्वयन गरिने बताएका छन्।

प्रदेश सरकारले गठन गरेको सङ्घीय कार्यान्वयन तथा प्रदेश कानुन निर्माणसम्बन्धी अध्ययन कार्यदलले तयार पारेको प्रतिवेदन बुझ्दै उनले आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई आगामी २१ दिनभित्र अध्ययन गरी आवश्यक सुझाव लिखित रूपमा बुझाउन समेत निर्देशन दिए।

मुख्यमन्त्री कार्कीले प्रतिवेदनमा औँल्याएका कानुन निर्माण, संशोधन र साझा र एकल अधिकार, मन्त्रालयको कानुन निर्माण, नियमावलीसम्बन्धी सुझाव दिनसमेत आन्तरिक मामिला मन्त्रालयलाई निर्देशन दिए। उनले प्रतिवेदन प्रदेश संरचनासहित सङ्घीय र स्थानीय सरकारका लागि मार्गदर्शन हुने बताए। मुख्यमन्त्री कार्कीले भने,'मुलुकमा राजनीतिक स्थायित्वको चरण शुरु भएकोमा खुशी छु, प्रदेशको आगामी हिउँदे अधिवेशनमा विधेयक, ऐन निर्माण, संशोधनलगायत थुप्रै विजनेश प्रदेशसभाले प्राप्त गर्ने तयारी सरकारले गरेको छ।' उनले प्राप्त प्रतिवेदन आगामी २१ दिनपछि सार्वजनिक गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

प्रदेश सरकारले विसं २०८१ वैशाख २७ गते चुडामणि आचार्यको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको थियो। रासस

# परराष्ट्रमन्त्रीद्वारा विपिन रिहाइका लागि पहल गरिदिन आग्रह



**काठमाडौं ।** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत् इजरायल सरकारसँग हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि आग्रह गरेकी छिन्।

परराष्ट्रमन्त्री डा.राणासँग बुधबार मन्त्रालयमा शिष्टाचार भेटका क्रममा राजदूत बाससँग उनले नेपाली विद्यार्थी विपिनको अवस्थाका बारेमा जानकारी लिँदै हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्न इजरायल सरकारसँग आग्रह गरेकी हुन्।

हमास समूहले अपहरण गरी लगेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको भन्ने सूचना आइरहेकाले यस विषयमा मन्त्री डा. राणाले इजरायली राजदूतसँग जानकारी लिएकी हुन्।

हमास समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई अपहरण मुक्त गर्न लागेका भन्ने समाचार आएकाले जोशीको रिहाइलाई विशेष प्राथमिकतामा राख्न मन्त्री डा राणाले राजदूत बासमार्फत् इजरायल सरकारलाई आग्रह गरेकी थिइन्।

राजदूत बासले हमासको नियन्त्रणमा रहेका बृद्धबृद्धा, महिला तथा बालबालिका समेतका नाजुक स्वास्थ्य अवस्थामा रहेका नागरिकको रिहाइका लागि इजरायल सरकारले केही महिना अघि हमासलाई सूची पठाएको र पहिलो चरणमा उनीहरुलाई नियन्त्रण मुक्त गर्ने तयारी भएको भन्ने सूचना आएको जानकारी गराएका थिए।

सन् २०२३ को अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी हमास समूहले १० जना नेपालीसहित एक हजारभन्दा बढी व्यक्तिको हत्या गरेको थियो। त्यसलगत्तै उनीहरुले केही व्यक्तिलाई अपहरण गरी लगेकामा विपिन जोशी पनि रहेका छन्। उनीहरुमध्ये ३४ जनालाई मुक्त गर्न लागिएको तयारी हमास समूहले गरिरहेको समाचार आएको छ।

हमासले पहिलो चरणमा महिला, बालबालिका र बृद्धबृद्धाहरु अपहरणमुक्त गर्न लागेको भन्ने समाचार आएकाले विपिनलाई पनि रिहाइका लागि पहल गर्न नेपाल सरकारले आग्रह गरेको हो।

विपिनको रिहाइका लागि नेपाल सरकारले आफ्ना कूटनीतिक प्रयास जारी राखेको छ। संयुक्त राष्ट्रसंघ, विभिन्न अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चहरुका साथै विभिन्न द्विपक्षीय एवं बहुपक्षीय बैठकहरुमा समेत परराष्ट्रमन्त्री डा.राणाले अन्तर्राष्ट्रिय समुदायलाई विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै आएकी छन्। रासस

# ओहदाको प्रमाणपत्र प्रस्तुत



**काठमाडौं ।** गणतन्त्र कोरियाका कार्यवाहक राष्ट्रपति चोइ साङ मोकसमक्ष नेपालका राजदूत डा शिवमाया तुम्बाहाम्फेले आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेकी छन्।

सियोलमा आयोजित एक समारोहमा उनले आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेकी हुन्। प्रमाणपत्र पेस गरेपछि राजदूत तुम्बाहाम्फेले कार्यवाहक राष्ट्रपति चोईसँग शिष्टाचार भेट गरेकी सिओलस्थित नेपाली राजदूतावासले बुधबार जनाएको छ। त्यस अवसरमा उनले नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको सन्दर्भमा द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउन उच्चस्तरीय भ्रमण आदानप्रदानको महत्वपूर्ण हुने बताउँदै आगामी मेसम्ममा त्यस्ता भ्रमणका निम्ति सहजीकरण गर्न दूतावासलाई अवसर मिल्ने विश्वास व्यक्त गरिन्।

आफ्नो कार्यकालमा दुई देशबिचको सम्बन्धलाई सुदृढ बनाउन इमान्दार भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै राजदूत तुम्बाहाम्फेले गणतन्त्र कोरियामा रहेका एक लाखभन्दा बढी नेपाली कामदारले दुई देशबिच जनस्तरको सम्बन्धलाई प्रवर्द्धनका साथै कोरियाको अर्थतन्त्रमा योगदान गरेका बताइन्।

कार्यवाहक राष्ट्रपतिले राजदूत तुम्बाहाम्फेलाई गणतन्त्र कोरियाका लागि नेपालको राजदूतका रुपमा स्वागत गर्दै नेपाल–कोरिया सम्बन्ध प्रवर्द्धनमा सक्दो सहयोग गर्ने बताए। साथै उनले राजदूत तुम्बाहाम्फेको सफल कार्यकालको कामना पनि गरे।

उनले कार्यवाहक राष्ट्रपतिमार्फत नेपाल सरकार र आफ्नो तर्फबाट २९ डिसेम्बरमा गणतन्त्र कोरियामा भएको विमान दुर्घटनामा ज्यान गुमाएकाहरुका परिवारप्रति गहिरो समवेदना व्यक्त गरिन्।

त्यस अवसरमा नेपाली दूतावासका उपप्रमुख पुष्पराज भट्टराई तथा गणतन्त्र कोरियाका विदेशमन्त्री चो ताई युल, शिष्टाचार प्रमुख र विदेश मन्त्रालयका अन्य उच्च अधिकारीको उपस्थिति थियो। रासस

# मन्त्री पाण्डेसँग बिम्स्टेक महासचिवको भेट



**काठमाडौं ।** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेसँग बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)का महासचिव इन्द्रमणि पाण्डेले भेट गरेका छन्।

महासचिव पाण्डे नेतृत्वको प्रतिनिधिमण्डलले बुधबार मन्त्री पाण्डेसँग मन्त्रालयमा भेट गरेको उनको सचिवालयले जनाएको छ।

भेटमा उनीहरुबीच बिम्स्टेक देशहरुबीचको भिसा सहजकीकरण, धार्मिक, सांस्कृतिक र पर्यटकीय 'सर्किट'मा पर्यटन पूर्वाधारको विकासलगायत विषयमा छलफल भएको थियो। भेटमा मन्त्री पाण्डेले बिम्स्टेक टुरिजम फण्डलाई वृद्धिगरी त्यसको प्रभावकारी कार्यान्वयका लागि सहयोग गर्न आग्रह गरे। उनले नेपालको हवाई उड्डयन क्षेत्रलाई चलायमान बनाउन, पर्यटकीय क्षेत्रलाई अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन बिम्स्टेक सदस्य राष्ट्रका पर्यटन बोर्डहरुबीचको आबद्धता तथा आपसी आदानप्रदानलगायतका विषयमा जोड दिएका थिए।

बिम्स्टेक महासचिव इन्द्रमणि पाण्डेले बिम्स्टेकको महत्वपूर्ण एजेण्डा 'कनेक्टिभिटी' भएको बताउँदै नेपालको पर्यटन क्षेत्रको विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। रासस

# अपिहिमाल गाउँपालिकाको विकासमा पहल गर्छुः अध्यक्ष दाहाल



**काठमाडौं ।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दार्चुलाको अपिहिमाल गाउँपालिकाको केन्द्र खण्डेश्वरीसम्म सडक निर्माणमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

गाउँपालिकाका जनप्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिसँग बुधबार आफ्नै निवासमा भएको छलफलमा उनले प्रमुख प्रतिपक्षी दलका नेताका रूपमा पालिकाको समग्र विकासमा लागि पर्ने विश्वास दिलाए।

अध्यक्ष दाहालले आफू प्रधानमन्त्री भएका बेलामा थोरै भए पनि बजेट विनियोजनको सुरुआत गरिएको जानकारी दिँदै बजेट वृद्धिका लागि पहल गर्ने प्रतिबद्धता गरे। उनले त्यतिबेला पालिका मुकामसम्म पुग्नेगरी बजेटका लागि निर्देशन दिइएको भए पनि आवश्यक बजेट नपरेको स्वीकार गरे।

सुदूरपश्चिमको परिचित अपिहिमालका नामबाट स्थापित यो गाउँपालिकाले विकास निर्माणमा पनि त्यहीअनुसारको अपेक्षा गर्नु स्वभाविक भएको भएको उल्लेख गर्दै उनले पर्यटन प्रवर्द्धनका लागि पनि पर्यटन बोर्ड र विद्युत् विस्तारका लागि विद्युत् प्राधिकरणमार्फत काम अघि बढाउन आग्रह गरिने बताए।

छलफलमा गाउँपालिकाका प्रतिनिधिले पालिकाको मुकामसम्म पुग्न १० किलोमिटर बाँकी रहेकाले बजेट व्यवस्थापनका लागि पहल गरिदिन आग्रह गरेका थिए। उनीहरुले पालिकाका सबै वडा र बस्तीमा राष्ट्रिय विद्युत् लाइन विस्तार र वडा नं ३ को भूगोल ठूलो भएकाले सेवा प्रवाहलाई सहज बनाउन वडा विभाजनमा सहयोग गरिदिन आग्रह गरेका थिए।

अध्यक्ष दाहाललाई गाउँपालिका अध्यक्ष भक्तसिंह ठेकरे बोहरा, उपाध्यक्ष देवकीदेवी बोहरा, सबै वडाका वडाध्यक्ष, कर्मचारी, नेपाली कांग्रेसका पालिका सभापति शोवनसिंह लोध्याल, माओवादी केन्द्रका पालिका उपाध्यक्ष मोहनसिंह कार्की र एमालेका प्रतिनिधि नरेन्द्रसिंह रोकायालगायतले हस्ताक्षर गरेको तीन सूत्रीय ज्ञापनपत्र बुझाइएको थियो। रासस

# 'शान्तिप्रक्रिया शीघ्र टुङ्ग्याउन दबाब सृजना गरौँ'

**काठमाडौं ।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम टुङ्ग्याउन दबाब सृजना गर्नुपर्ने बताएका छन्।

बेपत्ता योद्धा राजेन्द्र ढकालको २६ औँ स्मरण दिवसका अवसरमा काठमाडौँमा आयोजित 'शान्ति प्रक्रिया र बेपत्ता नागरिकको सार्वजनिकीकरणको सवाल' विषयको कार्यक्रममा उनले शान्तिप्रक्रियालाई निष्कर्षमा पुर्याउन सबैले दबाब सिर्जना गर्नुपर्ने अवस्था उत्पन्न भएको बताए।

शान्तिप्रक्रियालाई निष्कर्षमा पुग्न नदिन केही तत्व लागेका उल्लेख गर्दै उनले भने,' शान्तिप्रक्रियालाई जटिल मोडमा पुऱ्याउने प्रवृत्ति पनि देखिएको छ, त्यो तत्वले टुङ्गिन लागेको शान्तिप्रक्रियालाई रोकिराखेको छ।'

शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयलाई चाँडो टुङ्गोमा पुर्याउन सबै राजनीतिक दल इमान्दार हुनुपर्नेमा जोड दिँदै उनले यस सम्बन्धमा नेपाली कांग्रेस र नेकपा एमालेसँग छलफल गर्ने बताए।

एमाले नेता अग्नि खरेलले शान्तिप्रक्रियालाई टुङ्गो लगाउन सरकार र आफ्नो पार्टी इमान्दार रहेको बताए। 'शान्तिप्रक्रियालाई सफल बनाउन सरकार सकारात्मक छ, एमाले केन्द्रीय समिति बैठकमा पेस भएको दस्तावेजमा पनि शान्तिप्रक्रियालाई निष्कर्षमा लैजाने विषय उल्लेख छ', उनले भने, 'शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्याउन सरकार र विपक्षी दल एक ठाउँमा उभिनुपर्छ।'

पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन कानुनी पक्षलाई मात्र नहेरी द्वन्द्वपीडित दुवैपक्षबीच सहमति एवं विश्वासको वातावरण बनुपर्नेमा जोड दिए।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषय टुङ्ग्याउन विलम्ब भएमा मुलुकको छवि अन्तर्राष्ट्रिय रुपमा धुमिल हुने बताए।

तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा २०६३ साल मंसिर ५ गते वृहत शान्ति सम्झौतामा हस्ताक्षर भएको थियो। संविधान सभाबाट नयाँ संविधान निर्माणसँगै शान्ति प्रक्रिया टुंगोमा पुर्याउने सम्झौतामा तत्कालीन विद्रोही माओवादीका तर्फबाट अध्यक्ष प्रचण्डले हस्ताक्षर गरेका थिए।

त्यसपछि सशस्त्र द्वन्द्व त्यागेर सत्तासँग जोडिएको माओवादीले कहिल्यै पछाडि फर्कनु परेन। २०५२ साल फागुनबाट सशस्त्र द्वन्द्व थालेको माओवादीका कारण दश वर्षको अवधिमा १७ हजार नेपालीले ज्यान गुमाए। माओवादीबाट चार पटक प्रधानमन्त्री भए। डा. बाबुराम भट्टराई एक पटक तथा प्रचण्ड तीन पटक। २०६३ देखि माओवादी अधिकांश समय सत्ताकै वरिपरि छ। रासस

# 'इजाजत नवीकरण नगराउनेलाई कारबाही'

**काठमाडौं ।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इजाजत पत्र नवीकरण नगरेका स्वास्थ्य संस्थाहरुलाई अनुमति लिनका लागि सूचना जारी गरेको छ।

मन्त्रालयले निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक अस्पताल र स्वास्थ्य संस्थाहरुका नाममा परिपत्र गर्दै इजाजत पत्र नवीकरण गराएर मात्र सञ्चालन गर्न सूचित गरेको हो।

कतिपय गैरसरकारी तथा सामुदायिकस्तरबाट सञ्चालित संस्थाहरु नवीकरणबीना सञ्चालनमा आएको उजुरी पछि मन्त्रालयले परिपत्र गरेको हो।

इजाजत नवीकरण नगरेका केही संस्थाहरु मापदण्डअनुसार समेत नचलेको उजुरी मन्त्रालयले प्राप्त गरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य संस्थाहरुले मापदण्ड पालना गरेको सुनिश्चित गर्न अधिकारीहरुलाई भनेका थिए।

जनस्वास्थ्य सेवा नियमावलीमा इजाजतपत्र नलिई स्वास्थ्य सेवा उपलब्ध गराउन नपाइने व्यवस्था भए पनि कतिपयले नलिएको उजुरी प्राप्त भएकाले नवीकरणका लागि पत्राचार गरेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए।

मन्त्रालयले इजाजत पत्र नवीकरण नगरी सञ्चालन भएका स्वास्थ्य संस्थाको अनुगमन गरी नियमानुसार नभएको पाएमा कारबाही गर्ने समेत प्रवक्ता बुढाथोकीले बताए। रासस

# पाठ्यक्रममा स्वास्थ्य जनचेतनाका विषय परिमार्जन गर्नुपर्छः मन्त्री पौडेल



**काठमाडौं ।** स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनाका विषय परिमार्जन गर्नुपर्ने बताएका छन्।

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसँग भेटवार्ता गर्दै उनले विद्यालय पाठ्यक्रममा स्वास्थ्य जनचेतनासम्बन्धी विषय परिमार्जनका लागि विज्ञ समिति बनाएर काम गर्न सहकार्यको प्रस्ताव गरेका हुन्।

'नसर्ने रोग बढ्दै गएकाले यसलाई रोकथाम गर्न विद्यालय तहबाटै सचेतनामूलक सामग्री प्रभावकारी बनाउनुपर्छ। पाठ्यक्रम विकास केन्द्रलाई स्तरीय सामग्री तयार पार्नका लागि मन्त्रालय सहकार्य गर्न तयार छ,'– उनले भने।

उनले पाठ्यक्रममा स्वस्थ खानपिन तथा मादकपदार्थविरुद्ध सचेतनाका विषय पनि समावेश गर्न सुझाव दिए। यसका लागि दुवै मन्त्रालयको संयुक्त समूह बनाउन मन्त्री पौडेलले गरेको प्रस्तावमा मन्त्री भट्टराईले सकारात्मक प्रतिक्रिया जनाइन्। रासस

# त्रैमासिक समीक्षाःआर्थिक वृद्धिदर ३.४ प्रतिशतमा सीमित

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको पहिलो त्रैमासमा मुलुकको कूल गार्हस्थ्य उत्पादन वृद्धिदर (जिडिपी) तीन दशमलव चार प्रतिशतमा खुम्चिएको छ । गत असोजको बाढीपहिरो र निर्माण क्षेत्रको नकारात्मक वृद्धिले आर्थिक वृद्धिदर सङ्कुचित भएको हो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सरकारले चालु आर्थिक वर्षका लागि छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएकामा तीन दशमलव चार प्रतिशत मात्र हासिल भएको हो । अर्थतन्त्रमा योगदान गर्ने विभिन्न १८ क्षेत्रमध्ये १७ वटाको वृद्धिदर धनात्मक छभने निर्माण क्षेत्रको वृद्धिदर भने ऋणात्मक छ ।

चालु आर्थिक वर्षको पहिलो त्रैमासमा विद्युत् तथा ग्याससँग सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै छ । यो क्षेत्र २१ दशमलव चार प्रतिशतले बढेको छ । यातायात तथा गोदाम क्षेत्र छ दशमलव सात प्रतिशत योगदान रहेको छ ।

पहिलो त्रैमासमा आवास तथा भोजन सेवा क्षेत्र छ दशमलव तीन, वित्तीय तथा विमा क्षेत्र पाँच दशमलव सात, प्रशासनिक सहयोगी सेवा क्षेत्रको वृद्धिदर पाँच दशमलव चार र पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाको वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ ।

चालु आवको प्रथम त्रैमासिकमा निर्माणजन्य वस्तुको आयातमा आएको गिरावटका कारण निर्माण क्षेत्र झिनो अङ्कले सङ्कुचनमा रहेको अनुमान छ । निर्माण क्षेत्र शून्य दशमलव तीन प्रतिशतले नकारात्मक रहेको छ ।

अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर तीन प्रतिशत हुने अनुमान छ । धानलगायतका वर्खे बालीको उत्पादनमा वृद्धि हुनुका साथै तरकारी तथा नगदेबाली र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको जनाइएको छ ।

समयमा मलको उपलब्धता, उन्नत बीउको प्रयोग, तथा यथेष्ट मनसुनी वर्षाका कारण कृषिजन्य उत्पादनमा वृद्धि हुने अपेक्षा गरिए पनि बाढी र पहिरोका कारण कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुन नसकेको हो ।

अर्थतन्त्रको दोस्रो ठुलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्र पहिलो त्रैमासमा शून्य दशमलव पाँच प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । कृषि तथा व्यापारजन्य वस्तुको स्वदेशी उत्पादनमा भएको सामान्य वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको सामान्य वृद्धिका कारणले गर्दा व्यापार क्षेत्रको वृद्धि धनात्मक दिशा उन्मुख भएको कार्यालयले जनाएको छ ।

समीक्षा अवधिमा औद्योगिक वस्तु उत्पादन क्षेत्रको मुल्य अभिवृद्धि वृद्धिदर दुई दशमलव तीन, शिक्षा क्षेत्र शून्य दशमलव चार, स्वास्थ्य क्षेत्र चार दशमलव एक र घरजग्गा कारोबार क्षेत्र तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

'अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धि, पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कूल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेका छन् । यसका अतिरिक्त यातायात क्षेत्रमा भएको वृद्धि, स्वास्थ्य सेवामा भएको वृद्धि, सार्वजनिक प्रशासनका क्षेत्रमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो', कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ । रासस

# अर्थतन्त्र सुधारको प्रयासः आयोगले बुझायो तीनवर्षभित्र गर्नैपर्ने कामको प्रतिवेदन



**काठमाडौं ।**
मुलुकको अर्थतन्त्रलाई परिवर्तित समयअनुसार गतिशील बनाउँदै सही मार्गमा अघिबढाउने उद्देश्यले गठित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष आफ्नो अन्तरिम प्रतिवेदन प्रस्तुत गरेको छ ।

पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा गठित आयोगले अर्थतन्त्र सुधारका लागि सरकारले तत्काल र दीर्घकालमा गर्नुपर्ने कामसहितका सुझाव समेटेर आज अपराह्न मन्त्री पौडेलसमक्ष प्रतिवेदन प्रस्तुत गरेको हो ।

'अर्थतन्त्र सुधारका लागि तत्काल र तीन वर्षभित्रमा गर्नुपर्ने कामबारे दुईवटा खण्डमा सुझाव दिएका छौं ।', अध्यक्ष खनालले प्रतिवेदन बुझाएपछि भने,'वर्तमान अर्थतन्त्रको वस्तुस्थितिको समीक्षा, समस्याका कारण पहिचान र त्यसको निदानका लागि सरकारले माघ मसान्तभित्रमा गर्नुपर्ने काम सिफारिस गरेका छौं ।'

व्यावसायिक क्षेत्रका समस्या समाधानका निम्ति गर्नुपर्ने कानुनी सुधारबारे सुझाव दिइएको जानकारी दिँदै उनले भने,'एउटा नयाँ कानुन आवश्यक भनेर मस्यौदासहित बुझाएका छौं । दुई तीन वटा कानुन खारेज गर्नुपर्ने, केही संस्थाको संरचना परिवर्तन गर्नेलगायत नीतिगत विषय प्रतिवेदनमा समेटिएका छन्' ।

यसैगरी, समस्याग्रस्त सहकारीका विषयको सम्बोधन, चालू पूँजीगत खर्च वृद्धि , जाजरकोट भूकम्पलगायत विपद्बाट भत्केका भौतिक पूर्वाधारको पुनर्निर्माण, विकास आयोजनाका लागि सरकारले जग्गा प्राप्तिको कारबाही चलाएको वा प्रक्रिया टुङ्गो लागेका जग्गाको शीघ्र मुआब्जा वितरण तथा स्थलमार्गबाट आउने भारतीय पर्यटकलाई सहजीकरण गर्न सुझाव दिइएको छ ।

चालु आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न परियोजनाहरुको प्राथमिकताका साथ भुक्तानी, बहुवर्षीय ठेक्का लागेर सिर्जित दायित्व बजेट उपलब्ध हुनसक्ने भएमात्र अर्को वर्षको बजेटमा राख्न सुझाव दिइएको छ ।

सरकारले विभिन्न क्षेत्रमा प्रदान गरेको अनुदानले उत्पादन र रोजगारीमा पारेको प्रभावको आधारमा स्रोतको उपलब्धतालाई दृष्टिगत गरी र सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रममा पुनरावलोकन गर्न सुझाइएको छ । स्वास्थ्य बिमाको प्रिमियम बढाउने र पेको अनुपात बढाउन सुझाव छ । कोरोनो महामारी अगाडिको अवस्थामा रहेको व्यवसाय हाल समस्याग्रस्त भएकाले भविष्यमा सुधार हुने अवस्था रहेमा उद्योगको प्रकृतिअनुसार एक वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिने, घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक–निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न कानुन जारी गर्न आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ ।

प्रतिवेदनमा सहकारीका समस्या समाधान गर्न बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्रभन्दा बढी नहुने गरी कानुनी व्यवस्था गर्ने, सहकारी संस्थाले कम्पनीलाई वा कुनै सङ्गठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था गर्ने, बचत तथा ऋण सहकारी संस्थामा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमाको कानुनी व्यवस्था गर्ने, तत्कालका लागि एकै व्यक्तिलाई एउटा वा एकभन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल शेयर पूँजीको दश प्रतिश भन्दा बढी हुन नदिने व्यवस्था गर्नुपर्नेमा जोड दिइएको छ ।

आयोगले चालु आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न दश करोड रुपैयाँ भन्दा बढी रकम विनिजोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्या समाधान गर्ने अधिकारसम्पन्न टोली परिचालन गर्नुपर्नेलगायतका सुझाव दिएको छ ।

मन्त्रिपरिषद्को गत असोज २१ गतेको बैठकले राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल सदस्य रहेको आयोग गठन गरेको थियो । रासस

# अर्थमन्त्रीसँग विस्तारित कर्जा सुविधाबारे कोषका अधिकारीहरूको छलफल

**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले नेपाललाई उपलब्ध गराएको विस्तारित कर्जा सुविधा (इक्सटेन्डेड क्रेडिट फेसिलिटी–ईसिएफ) को समीक्षा गर्ने आईएमएफ टोलीले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग शिष्टाचार भेट गरेको छ ।

आईएमएफको समीक्षा टोलीका प्रमुख सर्वत जहान नेतृत्वको प्रतिनिधिमण्डलसँग आफ्नै कार्यकक्षमा भएको भेटमा अर्थमन्त्री पौडेलले पछिल्लो समय देशको अर्थतन्त्रमा सुधार देखिएको र सुधारका भावी कामले थप सकारात्मक परिणाम ल्याउने विश्वास व्यक्त गरेको मन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ ।

उनले आर्थिक चुनौतीलाई कानुनी, नीतिगत, र संवादात्मक माध्यमबाट सम्बोधन गर्न सरकार तयार रहेको र सुधारका लागि विशेष ध्यान दिइरहेको जानकारी गराए । अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझावलाई मुलुकको राष्ट्रिय सन्दर्भ र आवश्यकताका आधारमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आईएमएफको पाँचौँ समीक्षा कार्यक्रमलाई देशका लागि महत्वपूर्ण भएको बताउँदै अर्थमन्त्री पौडेलले आर्थिक सुधारका बारेमा उठेका विषयमा थप संवाद गर्न टोलीलाई आग्रह गरे । उनले आर्थिक समस्या समाधान गर्न सरकार नीतिगत तथा संरचनागत सुधारमा केन्द्रित रहेको स्पष्ट गरे । अर्थमन्त्रीको निजी सचिवालयका अनुसार उनले नीतिगत सुधारबाट दीर्घकालीन रुपमा अर्थतन्त्रलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह हुने धारणा व्यक्त गरे । सरकारले सुधार कार्यक्रममा अन्तर्राष्ट्रिय विकास साझेदारबाट प्राप्त सुझाव र सहयोगलाई स्वागत गर्दै त्यसलाई देशको आवश्यकताअनुसार कार्यान्वयन गरिने बताए । आईएमएफ टोलीले विगतमा भएका सुधारका कार्यक्रमको प्रभावको समीक्षा गरिरहेको र भावी सुधारका लागि गृहकार्यमा भइरहेको जानकारी दिएको थियो । मुलुकको आर्थिक विकासका नीति एवं रणनीतिक योजनालाई समयानुकूल बनाउन तथा विगतका सुधार प्रयासबाट भएको प्रगतिको समीक्षा गर्ने सिलसिलामा टोली यहाँ आएको हो ।

विदेशी मुद्रा सञ्चिती घटेर भुक्तानी सन्तुलन निकै कमजोर भएपछि सन् २०२२ को जनवरीमा ३७ करोड १६ लाख अमेरिकी डलर बराबरको इसिएफ लिइएको थियो । त्यसबेला आईएमएफमार्फत पाउने 'स्पेसल ड्रइङ राईट' कोटाको एक सय ८० प्रतिशतसम्म पुग्नेगरी इसीएफ लिएको थियो ।

विगतका समीक्षामा आईएमएफले देशको राजनीतिक अस्थिरता, पुँजीगत खर्चको न्यून कार्यान्वयन र बैंकिङ जोखिमलाई मुख्य चुनौतीका रुपमा औँल्याएको थियो। साथै वित्तीय प्रणाली सुदृढ गर्दै सम्पत्ति शुद्धीकरण रोकथामका लागि गम्भीर हुन पनि सुझाव दिएको थियो। अर्थतन्त्रको दीर्घकालीन स्थायित्वका लागि पूँजीगत खर्च बढाउँदै वित्तीय अनुशासन अपरिहार्य भएकामा जोड दिइएको थियो । रासस

# विद्युत् उत्पादनमा लगानी गर्न निजी क्षेत्रलाई मन्त्रीको आग्रह



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उत्पादित ऊर्जाको बजार सुनिश्चित भएकाले विद्युत् क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आग्रह गरेका छन् ।

विद्युत् नियमन आयोगबाट हुने कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउने उद्देश्यले आयोगद्वारा निर्माण गरिएको 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम' को बुधबार सुरू गर्दै मन्त्री खड्काले उत्पादित विद्युत् बजारीकरणको समस्या नरहेकाले ऊर्जा क्षेत्रमा लगानी गर्न सबैलाई आग्रह गरे ।

ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको भन्दै उक्त लक्ष्य पूरा गर्न यस्ता प्रविधिले सहयोग पु¥याउने विश्वास व्यक्त गरे । विद्युत उत्पादनमा देखिएका समस्यालाई विस्तारै सरकारले सहजीकरण गर्दै लैजाने उनको भनाइ छ ।

मन्त्री खड्काले मुलुकको विकासको प्रमुख आधार ऊर्जा क्षेत्र भएकाले यसको विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । 'स्रोतमाथिको अधिकार सबैको बराबर हुन्छ, जलविद्युतमार्फत सरकारले गरिब तथा विपन्न परिवारलाई न्यूनतम दुई लाखदेखि अधिकतम पाँच लाखसम्मको शेयर दिएर न्यून आय भएका नागरिकको आर्थिकस्तर उकास्न खोजेको छ,' उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले ऊर्जा विकासका लागि सरकारले राखेको लक्ष्य पूरा गर्न आयोगको जिम्मेवारी महत्वपूर्ण रहने बताए । 'बढी सेवाग्राही आउने कार्यालयमा अनलाइन प्रणालीको विकास गर्दा काम छिटो, छरितो र सहज हुन्छ,' उनले भने ।

साइबर सुरक्षाको समस्या हल गर्दै अनलाइन प्रणालीलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले सरकारले ल्याएको 'ऊर्जा विकास मार्गचित्र–२०८१' मुलुकको जलविद्युत विकासमा ऐतिहासिक भएको बताए ।

विद्युत नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आयोगमार्फत प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई गुणस्तरीय, जिम्मेवार तथा जवाफदेही बनाउन, अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गर्दै सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउन अनलाइन प्रणालीका शुभारम्भ गरिएको बताए ।

अध्यक्ष धितालले आगामी दिनमा आयोगबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा कामकारबाही पूर्णरूपमा प्रविधिमैत्री गर्ने अभियानमा आयोग प्रतिबद्ध रहेको स्पष्ट पारे। आयोगका सदस्य गौतम डङ्गोलले अनुमतिपत्र प्राप्त व्यक्ति तथा सङ्गठित संस्थाले आयोगबाट सम्पादन हुने शेयरको सार्वजनिक निष्काशन, विद्युत खरिद बिक्री सम्झौतामा सहमति तथा संशोधन तथा शेयर संरचना परिवर्तनसम्बन्धी सम्पूर्ण कामकारबाही अनलाइन प्रणालीमार्फत हुने जानकारी दिए । रासस

# क्रिकेट रंगशाला निर्माणका लागि स्रोत सुनिश्चित गर्न निर्देशन



**काठमाडौँ ।**
संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बुधबारको बैठकले मूलपानी क्रिकेट रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणका लागि स्रोतको सुनिश्चितता गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिले युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाबारे खेलकुदमन्त्री तेजुलाल चौधरी र मन्त्रालयका कर्मचारीसँग छलफल गरेको थियो । मन्त्री चौधरीले बजेट अभावमा मुलपानी क्रिकेट रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणमा विलम्ब भएको स्पष्टीकरण दिए । समिति सभापति सोनाम गेल्जेन शेर्पाले मुलपानी क्रिकेट रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माणको लागि स्रोत सुनिश्चितता गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने र वातावरणीय प्रभाव मूल्याङ्कन (इआई) चाँडो टुङ्गाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको बताए ।

समितिको बैठकले राष्ट्रिय गौरवका आयोजनाका लागि जनशक्ति व्यवस्थापन लगायत पूर्वतयारीका काम पूरा गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिएको छ । रासस

# पोल्याण्ड पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

**काठमाडौँ ।** वैदेशिक रोजगारीमा पोल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जना पक्राउ परेका छन् । सप्तरी विष्णुपुर गाउँपालिका–७ का ३१ वर्षीय कृष्ण यदुवंशी र गोरखाका ३७ वर्षीय राजेश बरामलाई मंगलबार पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।

अभियुक्त कृष्णले पोल्याण्ड पठाइदिन्छु भन्दै विभिन्न पीडितबाट ७२ लाख ४८ हजार एक सय ५० र राजेशले आठ लाख ९० हजार लिएर सम्पर्कविहीन भएका थिए ।पीडितको उजुरीपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले कृष्णलाई काठमाडौँ महानगरपालिका–३१ बाट र राजेशलाई काठमाडौँ टेकुबाट पक्राउ गरेको हो ।

उनीहरूलाई कारबाहीका लागि जिल्ला प्रहरी परिसर पठाइएको छ । रासस

# ओझेलमा छन् रौतहटका पर्यटकीयस्थल

**चन्द्रपुर ।**
पछिल्लो समय रौतहटमा पर्यटकहरुको लागि नयाँ गन्तव्यस्थलहरु बढ्दै गएका छन् । खासगरी ऐतिहासिक महत्व बोकेका क्षेत्रहरुलाई पर्यटकहरुको गन्तव्य बनाइएको छ । प्रचुर पर्यटकीय सम्भावना बोकेका शिवनगरको शिव मन्दिर, पौराईको ब्रह्मस्थान, नजरपुर कृष्ण मन्दिर, सन्तपुरको मरधर सिमसार क्षेत्र, गौरस्थित बरहवा सिमसार, शहीद स्मृति पार्क, तिलेश्वर पार्क, जङ्गे झरना, शिवनगर मन्दिर, दुर्गाभगवती मन्दिर, पौराइ ब्रह्मस्थानलगायत दर्जनभन्दा बढी ऐतिहासिक महत्वका स्थलहरू रौतहटमै पर्दछ । यी विभिन्न गन्तव्यस्थलहरुको बारेमा संक्षेपमा यहाँ उल्लेख गरिएको छ ।

### नुनथर क्षेत्र



पूर्व–पश्चिम महेन्द्र राजमार्गको बागमती खण्डबाट झण्डै २ किमि उत्तर हिँडेपछि रौतहट, मकवानपुर, सर्लाही र सिन्धुलीको सङ्गमस्थलको रुपमा परिचित पर्यटकीय क्षेत्र नुनथर आउँछ । बागमती नदीको किनार तथा चुरेको काखमा रहेको नुनथर आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलको रुपमा विकसित हुँदै गएको छ । यहाँ एकपटक आएपछि नदोहो¥याउने कमै होलान् । रौतहटको चन्द्रपुर नगरपालिका–१ मा पर्ने नुनुथर क्षेत्र धार्मिक तथा पर्यटकीय स्थलको रुपमा परिचित छ । पछिल्लो समय विवाह, वनभोज र घुम्नेहरुको रोजाइमा परेको यो क्षेत्र स्वच्छ सफा, सुन्दर प्राकृतिक एवं जैविक विविधतायुक्त तथा आफ्नै मौलिकताले भरिपूर्ण छ । सय वर्षभन्दा बढी पुरानो शिव मन्दिर र त्यहाँको नुनिलो पानीका कारण यो क्षेत्र धार्मिक र पर्यटकीय महत्वले प्रख्यात छ । चुरेफेदको पानीको मूलहरुमध्ये नुन मिसिएको मिठासयुक्त पानी अन्यत्र पाइएको छैन । यहाँको पानी दुई वर्षसम्म खाएमा कुष्ठरोग, चर्मरोग निको हुने जनविश्वास रहेको नुनथर क्षेत्र विकास समितिका सचिव समिरबाबु कार्की बताउँछन् ।

सातौँ शताब्दीमा चिनियाँ यात्री हवेनसँग नुनथरमा बास बेसेको ताङ वृतान्तमा उल्लेख छ । विविधता एवं प्रकृतिको मनमोहक दृश्यावलोकन, मिठासयुक्त नुनिलो पानीको स्वाद चाख्न, वनभोजका र शिवको मन्दिर दर्शनका लागि भारतबाट समेत पर्यटकहरु आउने गरेको सचिव कार्कीले जानकारी दिए । छिमेकी सर्लाही, धनुषा, महोत्तरी, बारा, पर्सा, मकवानपुरका मानिसहरु यहाँ घुम्न आउँछन् । साउन र भदौ महिनामा यहाँ मेला लाग्छ । नुनथर क्षेत्र विकास समितिका अध्यक्ष एवं पूर्वसांसद रामकुमार भट्टराईका अनुसार यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्न समितिले झण्डै एक करोड रुपैयाँ खर्चेर पिङ, चिल्ड्रेन पार्क, वनभोजस्थल, माछा मार्ने स्थान र डुङ्गा शयरको व्यवस्था गरेको छ । नुनथरमा झोलुङ्गे पुल निर्माण गरिएपछि यसको रौनक झनै बढेको छ । पुलले सर्लाही जिल्लालाई समेत जोडेको छ । कतिपय मानिस तस्बिर खिच्न मात्र पनि पुलमा पुग्छन् । यस्तै नुनथरको पश्चिम उत्तरको कुनामा रहेको अग्लो रामचुवा डाँडाबाट सूर्योदय तथा सूर्यास्तको आकर्षक दृश्य देख्न सकिन्छ । उत्तरको मनोरम हिमशृङ्खला र दक्षिणको पवित्र भगिरथी गङ्गा बगिरहेको देख्न सकिन्छ ।

### जङ्गे झरना

जङ्गे झरना रौतहटको चन्द्रपुर नगरपालिका–१ र २ अथवा रौतहट र



मकवानपुर जिल्लाको सङ्गम क्षेत्रमा पर्दछ । चुरे क्षेत्रमा पर्ने उक्त झरनामा भारतबाट समेत पर्यटकहरु आउने गर्छन् । कुनै समय जङ्गबहादुर राणाले रमाइलो गर्न आउने ठाउँको रुपमा रहेको बुढापाकाहरुको भनाइ छ । सोही कारणले गर्दा पनि यो झरनाको नाम जङ्गे झरना राखिएको बताइन्छ । सो झरना जानको लागि चन्द्रपुर नगरपालिकाको सहयोगमा बाटो निर्माण गरिएको छ । सो क्षेत्रमा मानिसहरु चिसोपानीमा नुहाउन र वनभोज खान आउने गर्दछन् । खासगरी गर्मी समयमा उक्त झरनामा मानिसहरुको भीड लाग्ने गरेको स्थानीय गोविन्द खरेलले बताए ।

### मरधर सिमसार क्षेत्र

साइबेरियादेखि पन्छी आउने मरधर सिमसार क्षेत्र पछिल्लो समय अतिक्रमणको चपेटा परेको छ । पूर्व–पश्चिम राजमार्गबाट चार किमि दक्षिण चन्द्रपुर नगरपालिका–८ मा रहेको यो सिमासार क्षेत्र पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गएको छ । यहाँ विभिन्न प्रजातिका चराहरु देख्न पाइन्छ । तीस बिघा क्षेत्रमा फैलिएको सिमसारलाई व्यवस्थित गर्न गुरुयोजना बनाइएको भएता पनि भूमाफियाले आफ्नो नाममा गराएपछि सो क्षेत्र संरक्षण हुन सकेको छैन । सिमसारमा डुङ्गा शयर, मन्दिर, बालउद्यान, चिडियाघरलगायत पर्यटकका लागि आकर्षण भौतिक संरचना बनाउन विस्तृत अध्ययन प्रतिवेदन ( डिपिआर) तयार गरिएको भए पनि त्यसअनुसार काम भएको छैन । सो सिमसार क्षेत्रको भूभागलाई २०४६ सालमै भुमाफियाले आफनो नाममा गराइसकेको भए तापनि चन्द्रपुर नगरपालिकाले राज्यको नाममा ल्याउन लागिपरेको बताइएको छ ।

### शहिद स्मृति पार्क

चन्द्रपुर नगरपालिका–२ स्थित पूर्व–पश्चिम राजमार्गको छेउमा रहेको शहीद पार्क आन्तरिक पर्यटकका लागि गन्तव्य बनेको छ । प्रायः हरेक शनिबार यो क्षेत्रमा निकै भीड लाग्छ । चादी खोला र जङ्गलको सङ्गमले चिनिने पार्कमा



भारतको बैरगनियबाट समेत पर्यटकहरु घुम्न आउने गर्छन् । राजमार्गमै टाँसिएर बनेको सो पार्क नेपाल सरकारले २०६६ सालमा शान्ति मन्त्रालयको लगानीमा निर्माण गरिएको हो । उक्त पार्क वनटोल सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा पर्दछ ।

### नमुना मुसहर बस्ती

चन्द्रनिगाहपुरबाट सात किमी कालोपत्रे र एक किमि ग्राभेल छिचोलेर यो बस्ती पुगिन्छ । चन्द्रपुर नगरपालिका–८ सन्तपुरमा रहेको करिब पाँच वर्षअगाडि धुर्मुस–सुन्तली फाउन्डेशनले बनाइदिएको नमूना बस्ती हेर्न मानिसको ठूलो भीड लाग्छ । सन्तपुरका विपन्न परिवारको बास बनाइदिने लक्ष्यअनुसार फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेलले सो बस्ती बनाएका हुन । एउटै रङ्गले




सजिएका घरहरु निकै आकर्षक देखिन्छ । बस्तीमा बनाइएको भ्यूटावरबाट सन्तपुर वासपासका बस्ती र पहाडको दृश्य हेर्न सकिन्छ । दिनहुँ दुई सयको हाराहारीमा मानिस बस्ती हेर्न पुग्छन् । बस्तीभित्र विद्यालय, मन्दिर र खेल्ने सामानहरु राखिएको छ ।

### डाबरी पार्क

चन्द्रनिगाहपुर नगरपालिका–६ स्थित रहेको डाबरी पार्क अर्को गन्तब्यको रुपमा परिचित छ । यो क्षेत्र पनि वनभोज र घुमघामको लागि प्रख्यात छ । चारैतिर जङ्गलको बीचमा रहेको पार्क हेर्न मानिसको भीड लाग्छ । यसलाई आन्तरिक पर्यटकको रुपमा विकास गर्नसके स्थतानीयको आम्दानी बढ्ने मधेश प्रदेशका पूर्वप्रदेश सांसद धनलाल ठोकर बताउँछन् । सो पार्क क्षेत्रमा रहेको पोखरीमा बाह्रै महिना पानी र कोमलको फूल फुल्ने गर्दछ ।

### पौराइ ब्रह्मस्थान

रौतहटको चन्द्रपुर नगरपालिका–१ पौराइमा रहेको पौराइ ब्रह्मस्थानको महत्व आफ्नै छ । यहाँ मधेश प्रदेशदेखि भारतका विभिन्न सहरबाट दर्शन गर्न आउने उक्त मन्दिरमा बाक्लो भीड लाग्ने गर्दछ । मन्दिरमा विभिन्न भाकल गर्ने भक्तजनहरु आफनो मनोकांक्षा पूरा भएपछि बोका बली दिने र परेवा उडाउने गरिन्छ । यहाँ दशैं तथा विशेष तिथि पारेर भीड लाग्ने गर्ने गरेको स्थानीय देवीप्रसाद सापकोटाको भनाइ छ । यस क्षेत्रको आस्था र विश्वासको देवता भएकै कारण यस मन्दिरमा हरेक दिन नै भीड लाग्ने गरेको छ । पौराई ब्रह्मस्थान पनि जङ्गबहादुर राणासँग जोडिएको छ ।

### तिलेश्वर महादेव क्षेत्र

रौतहटको चन्द्रपुर नगरपालिका–३ गैडाटारको उत्तरी चुरेको फेदीमा रहेको तिलेश्वरनाथ क्षेत्र अहिले पर्यटकहरुको नयाँ गन्तव्य स्थान बनेको छ । तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा चादी खोलाको छेउमा रहेको यस पर्यटकीयस्थलमा अहिले वनभोज जाने र घुमफिर गर्नेहरुको सङ्ख्या बाक्लिन थालेको छ । यस वर्षदेखि करिब १२ हेक्टर जमिन ओगटेको सो पर्यटकीय क्षेत्रलाई व्यवस्थित पर्यटन मन्त्रालय र चन्द्रपुर नगरपालिकाको सहयोगमा करिब रु सात करोड लागतमा विभिन्न संरचनाहरु बनाइएको छ । भारत तथा नेपालका पर्यटकलाई आकर्षित गर्न पौडी पोखरी, झोलुङ्गे पुल, भ्युटावर र होमस्टेको निर्माण गर्न लागिएको तिलेश्वर महादेश सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष राजु धामीले जानकारी दिए ।

### गोल्मराजा बुद्ध विहार

रौतहटको अर्को पर्यटकीयस्थल हो गोल्मराजा बुद्ध विहार । चन्द्रपुर नगरपालिका–१ स्थित गैरीगाँउबाट करिब २० मिनेटको उकालो चढेपछि गोल्मा राजाको दरबार रहेको स्थानमा पुगिन्छ । एकजना बौद्ध भिक्षुले सो स्थानको परिचान गरेर गोल्मराजा बुद्ध बिहार निर्माणको अभियान थालेपछि



सो स्थान परिचित बन्दै गएको हो । दरबार रहेको स्थानबाट स्थानीयले पुराना पैसा, जाँतो, तरबारलगायतका सामान फेला परेर राखेको चन्द्रपुर–१ का पूर्ववडाध्यक्ष बिरु खरालले बताए । गोल्मा राजाको दरबार उत्खनन गरेर सो स्थानको विषयमा पुरातत्व विभागलाई जानकारी गराउने सो दरबार कति पुरानो हो भन्ने विषयमा खोजबिन गर्नुपर्ने उनको भनाइ छ । दरबार रहेको तल्लो भाग ढुँडिखेलमा अहिले गोल्मराजा बुद्ध विहार निर्माणको काम अगाडि बढेको छ । थाइल्याण्डका राजाको सहयोगमा सो स्थानमा दुई करोड रुपैयाँ लागतमा बनेको साढे नौ फिटको बुद्ध मूर्ति स्थापना गरेपछि अहिले सो स्थानमा सर्वसाधारणको चहलपहल बढ्न थालेको छ । बौद्धभिक्षु मेघमकरस्थवीर भन्तेको सक्रियतामा सो स्थानमा बौद्ध ध्यान केन्द्रसमेत निर्माणको काम थालनी भएको स्थानीय बासिन्दा गोपाल घिमिरेले जानकारी दिएका छन् । सो स्थानबाट रौतहट र सर्लाहीको हराभरा फाँट देख्न सकिन्छ । बौद्धभिक्षु स्थवीर भन्तेले सो स्थानमा बाइसी–चौबिसी राज्य रहेको तत्कालीन समयमा गोल्मा नामका सेन वंशीय राजाको दरबार रहेको बताउँदै सो स्थानलाई धार्मिक पर्यटकीयस्थल बनाउन आफू लागिपरेको बताए । दरबार रहेको स्थानमा पुराना इँटा, काटिएका ढुङ्गा यत्रतत्र छरिएर रहेका छन् । सो स्थानलाई जीर्णोद्धार गरेर पर्यटकीयस्थल बनाउन लागिएको चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्ले बताउँछन् ।

### शिवनगर मन्दिर

रौतहटको गरुडा–५ मा रहेको शिवनगरमा रहेको शिव मन्दिरको आफ्नै इतिहास छ । यस मन्दिरमा साउन र भदौ महिनामा भारतबाट भक्तजनहरु पूजा गर्न आउँछन् । शिवनगरको शिव मन्दिर धार्मिक पर्यटकीय क्षेत्रको रुपमा



विकास हुँदै गइरहेको छ । यसैगरी रौतहटको मौलापुरमा रहेको पुरातात्विक पतौरा महादेव मन्दिर, दुर्गा भगबती गाउँपालिकामा रहेको दुर्गा भगवतीको मन्दिरलगायतका स्थानहरु पर्यटकहरुको रोजाइमा पर्ने गरेका छन् । रासस

# हुस्सु र कुहिरो लागेको बेलामा कम गतिमा गाडी चलाउन आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
तराई–मधेशमा केही दिनदेखि बिहान–बेलुका हुस्सु र कुहिरो लाग्ने गरेको छ । हुस्सु र कुहिरो लागेको बेलामा गाडी दुर्घटनाको जोखिम हुने भएकाले गाडी चलाउँदा ख्याल गर्न ट्राफिक प्रहरीले अनुरोध गरेको छ । प्रहरीको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराले कुहिरो तथा हुस्सु लागेका बेला सम्भावित जोखिम क्षेत्रमा सामान्य गतिमा गाडी चलाउन र बत्तीको प्रयोग गर्न अनुरोध गरेको छ । कार्यालयका सहायक हवल्दार सतिश ठाकुरका अनुसार बाक्लो हुस्सु र कुहिरो लागेका बेला राजमार्ग तथा भित्री बाटोमा गाडी चलाउँदा चालकलाई अनिवार्य हेडलाइट, इमर्जेन्सी लाइट बाल्न सचेत गराइएको छ । चालक सचेत भएमा सम्भावित दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास छ । हुस्सु र कुहिरो लागेका बेलामा बाटो राम्ररी देखिँदैन तर सचेत भएर चलाउँदा चालकसहित यात्रु सुरक्षित हुन्छन् । सुरक्षित यात्रा गर्न ट्राफिक नियमको पालना गर्न ट्राफिक प्रहरीको आग्रह छ । राजमार्गमा चल्ने गाडी र यात्रुको सडक सुरक्षाका लागि अभियान नै चलाएको ट्राफिक प्रहरीले जनाएको छ । कम प्रकाश हुँदा देख्नका लागि साइकल, अटो रिक्सा, ट्याक्टरको टालीमा टल्कने अर्थात् 'रिफ्लेक्टिभ स्टिकर' टाँस्ने, बिहान र बेलुका जाँचलाई थप प्रभावकारी बनाउने, जनचेतना कार्यक्रम सञ्चालन गर्ने काम भइरहेको ट्राफिक प्रहरीको भनाइ छ । हुस्सु र कुहिरोले दृश्य कमजोर र बाटो चिप्लो भएपछि गएराति पूर्व–पश्चिम राजमार्गअन्तर्गत नवलपरासी पश्चिमको बर्दघाट नगरपालिका–४ खुर्सानी खोलामा गाडीको आवागमन प्रभावित भएको थियो ।

# मधेशलाई कृषि र पर्यटन क्षेत्रले आत्मनिर्भर बनाउँछः पटेल



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका प्रदेश सभा सदस्य श्याम पटेलले मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन कृषि र पर्यटन क्षेत्रको विकासमा जोड दिनुपर्ने बताएका छन् ।

मधेश प्रदेश सभाको चौथो अधिवेशनको दोस्रो बैठक 'मधेशको पर्यटन विकास र प्रवद्र्धन गर्ने सम्बन्धमा व्यवस्था गर्ने विधेयक' माथि छलफल गर्ने क्रममा उनले सो कुरा बताएका हुन् ।

उनले नेपाल कृषि प्रधान देश भए पनि कृषि क्षेत्रका लागि आवश्यक मलखाद, सिँचाइ र बीउबिजनसम्बन्धी आधारभूत आवश्यकता समेत पूरा नभएको भन्दै गम्भीर चिन्ता व्यक्त गरे । प्रदेश सभा सदस्य पटेलले विधेयकमा नीति निर्माणका लागि समिति बनाउने कुरा समावेश गरिएकोमा सहमति जनाउँदै नीति निर्माण गरेर मात्र नभइ कार्यान्वयनमा लैजानका लागि पर्यटन बोर्ड स्थापना गर्न आवश्यक रहेको बताए । उनले पर्यटन क्षेत्रको विकासले आर्थिक रूपमा मधेश प्रदेश र यहाँका बासिन्दाको उत्थानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । विधेयकले 'मधेश पर्यटन प्रवद्र्धन समिति' गठन गर्ने कुरा समावेश गरेकाले यसलाई प्रभावकारी बनाउन सबै पक्षले सहकार्य गर्नुपर्ने उनको भनाइ थियो ।

# पत्रकार महासंघका नवनिर्वाचितलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
होटल तथा पर्यटन व्यावसायी संघ वीरगंज पर्साले नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीहरूलाई सम्मान गरेको छ । संघले बुधबार वीरगंजमा एक कार्यक्रमको आयोजना गरी पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्लामा नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरेको हो । कार्यक्रमलाई सम्बोधन गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले नवनिर्वाचित




पदाधिकारीहरुको सफल कार्यकालको शुभकामना दिँदै पत्रकारिता क्षेत्रमा अझ बढी अग्रसर भएर लाग्न सुझाव दिए । उनले देशको विभिन्न कालखण्डमा पत्रकारहरुको योगदानको स्मरण गर्दै उच्च प्रशंसा समेत गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघका निवर्तमान सचिव दिपेन्द्र चौहान, लेखा समिति संयोजक केसी लामिछाने, महासंघका मधेस प्रदेश अध्यक्ष श्याम बञ्जरा लगायतले पनि कार्यक्रममा शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको स्वागत मन्तव्य संघका वरिष्ठ उपाध्यक्ष रचिन्द्र थापाले गरेका थिए भने सञ्चालन दिलिपराज कार्कीले गरेका थिए । होटल तथा पर्यटन व्यावसायी संघ वीरगन्जका अध्यक्ष हरि पन्तको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अर्यालसंगै सामाजसेवी पशुपति विक्रम साह, उषा साह, नेपाल पत्रकार महासंघका पदाधिकारीहरु, होटल व्यवसायीहरुको सहभागिता रहेको थियो ।

# अत्याधिक चिसोका कारण विद्यालयहरु बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
अत्याधिक चिसोका कारण पर्साका विभिन्न पालिकाहरुमा सामुदायीक तथा निजी विधालयहरु बन्द हुन थालेको छ ।

चिसोका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भन्दै विभिन्न स्थानीय तहहरुले विधालययमा विदा दिन थालेका हुन् । पर्साको ठोरी गाउँपालिकामा १० दिनसम्मका लागी सबै विधालयहरु बन्द भएको छ । गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरु आजदेखी दश दिनसम्मका लागी बन्द गरिएको गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले बताउनुभयो ।

बढ्दो चिसो र शितलहरका कारण विद्यार्थीको स्वास्थ्यमा समस्या पर्न सक्ने भन्दै पुस २४ देखि माघ ४ गतेसम्म जाडो बिदा दिएको पालिकाले जानकारी गराएको हो ।

अब ठोरी गाउँपालिका अन्तर्गतका २१ सामुदायिक विद्यालयमा माघ ६ गतेबाट पठनपाठन शुरु हुनेछ । माघ ४ गतेसम्म जाडो बिदा र माघ ५ गते शनिबार परेकाले १० दिनभन्दा लामो बिदापछि माघ ६ बाट विद्यालय सन्चालन हुने ठोरी गाउँपालिकाको शिक्षा शाखाले जनाएको छ ।

# नेको इन्स्युरेन्सद्वारा १० लाखको बीमा रकम भुक्तानी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेको इन्स्युरेन्स कम्पनी लिमिटेडले आफ्नो वीमा गरेको ग्राहकलाई १० लाख रुपैयाँ बीमा दाबी भुक्तानी रकम हस्तान्तरण गरेको छ ।
वीरगंज महानगरपालिका वडा नम्बर २ का फयाजुल हक उसमानीको नाममा गरिएको बीमा रकम उनका श्रीमती सबानु खातुनलाई हस्तान्तरण गरिएको छ । वीरगंज महानगरपालिकाले कार्यरत कर्मचारीहरुको दुर्घटना बीमा गरेको थियो । सोही दुर्घटना बीमा बापतको रकम बुधबार नेको इन्स्युरेन्सले वीरगंज महानगरपालिका कार्यालयमै पुगेर नगर प्रमुख राजेशमान सिंहको उपस्थितिमा महानगरपालिकाका कर्मचारी उसमानकी श्रीमती खातुनलाई इन्स्युरेन्स कम्पनीको तर्फबाट मधेश प्रदेशका क्लष्टर हेड विक्रम आलेले १० लाखको बीमा रकम हस्तान्तरण गरेका हुन् ।
वीरगञ्ज महानगरपालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा गरेको थियो । सूचना प्रविधि सम्वन्धी वडाको काम गरेर फर्किने क्रममा गएको साउन ३१ गते उसमानी मोटर साईकल दुर्घटनामा परेका थिए । उनको उपचारको क्रममा भदौ ३ गते मृत्यु भएको थियो । महानगरपालिकाले गरेको सामूहिक दुर्घटना बीमा योजना अन्तर्गत फयाजुल हक उसमानीको दाबी भुक्तानी उनकी श्रीमती सबना खातुनलाई हस्तान्तरण गरिएको हो ।

# नाकामा पर्यटक चेकप्वाइन्टको व्यवस्था गर्ने तयारी



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल भ्रमणका लागि भारतीय पर्यटकहरूको आवागमन बढिरहेको छ, तर वीरगंज नाकामा बारम्बारको सुरक्षा चेकजाँचले उनीहरूलाई असहज महसुस गराएको छ । यही समस्यालाई मध्यनजर गर्दै पर्साको स्थानीय प्रशासन र सुरक्षा निकायका प्रमुखहरू एकीकृत सुरक्षा चेकप्वाइन्ट स्थापना गर्ने तयारीमा छन् । हालको अवस्थामा, भारतीय पर्यटक वीरगंज नाकाबाट नेपाल प्रवेश गर्दा शंकराचार्य गेटदेखि नयाँ बसपार्क चोकसम्मका ६ स्थानमा सुरक्षा चेकजाँच गरिन्छ, जसले पर्यटकलाई निकै असुविधा पुर्याएको छ । यस समस्यालाई सम्बोधन गर्न पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले एकीकृत चेकप्वाइन्ट स्थापनाको प्रस्ताव गरेका छन् । उनका अनुसार, वीरगंज नाकामा एक मात्र स्थानमा सुरक्षा चेकजाँच गर्ने प्रणाली लागू गरिने छ, जसमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरी एकैसाथ चेकजाँच गर्नेछन् । चेकजाँचपछि पर्यटकको गाडीमा पंहेलो कार्ड टाँस्नेछ र त्यो कार्डसँगै पर्यटकको गाडी बारा र मकवानपुरसम्म बिना कुनै चेकजाँच पुग्न सक्नेछन् । अर्यालले भने, 'यो व्यवस्था लागू भएमा भारतीय पर्यटकलाई कमसेकम दुई स्थानमा मात्र चेकजाँच गरेर यात्रा गर्न सजिलो हुनेछ । यस कार्यको लागि हामी पर्सा, बारा र मकवानपुरका प्रमुख जिल्ला अधिकारीहरूसँग समन्वय गरिरहेका छौँ ।' अर्कोतर्फ, भारतीय पर्यटकलाई २५ हजार भारु भन्दा बढी रकम लिएर आउन नपाउने कानूनी प्रावधानको विषयमा पनि चर्चा गरिएको छ । अर्यालले भने, यस विषयमा कानूनी जटिलता भए पनि व्यवहारिक समाधान खोज्ने प्रयास भइरहेको छ । होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजले आयोजना गरेको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक र अन्य पर्यटन व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

# धनुषाका पत्रकारहरूलाई अभिमुखिकरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आमसञ्चार प्राधिकरण मधेश प्रदेशले धनुषाका पत्रकारहरूको लागि साइबर सुरक्षा र कृत्रिम बुद्धिमत्ता (एआइ) सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रमको आयोजना गरेको छ । यस कार्यक्रमले पत्रकारहरूलाई साइबर सुरक्षाका महत्त्वपूर्ण पक्ष र एआइ प्रविधिको सकारात्मक र नकारात्मक प्रभावबारे जानकारी प्रदान गर्ने लक्ष्य राखेको थियो । कार्यक्रममा पत्रकारिता र प्रविधिका क्षेत्रका विशेषज्ञ जीवन भण्डारी र प्रकाश मैनालीले साइबर सुरक्षा र एआइको क्षेत्रमा भएका नवीनतम विकासहरू र तिनका पत्रकारितामा प्रभावबारे जानकारी दिएका थिए । पत्रकारहरूले आगामी समयको लागि आफूलाई सुसज्जित बनाउन र साइबर आक्रमण र प्रविधिको दुरुपयोगबाट जोगिन आवश्यक ज्ञान प्राप्त गरे । कार्यक्रमको उद्घाटन गर्दै आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले पत्रकारिता तालिम, पत्रकारहरूको व्यावसायिक विकास, बीमा कार्यक्रम र जिम्मेवार पत्रकारिताको लागि प्राधिकरणले निरन्तर रूपमा कार्य गर्दै आएको जानकारी दिए । नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ताले कार्यक्रमको सराहना गर्दै एआइ र साइबर सुरक्षासम्बन्धी प्रशिक्षण पत्रकारहरूको सीप र क्षमता विकासमा ठूलो मद्दत पुगेको बताए । उनले कार्यक्रमको आयोजनामा सहभागिता जनाएका सबैलाई धन्यवाद ज्ञापन गरे । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले भने, 'इच्छाशक्ति भएपछि कुनैपनि कार्य सम्भव छ । ६ वर्षसम्म हुन नसकेको शिक्षा नीति मैले मन्त्रीको पदमा रहेका दुई महिनामा बनाएको छु ।' उनले आफ्नो कार्यकालको महत्वपूर्ण उपलब्धिहरूको उल्लेख गर्दै प्रदेशका पत्रकारहरूको स्वास्थ्य र दुर्घटना बीमासहित अन्य विभिन्न योजनाहरूको सुरुवात गरिसकेको जानकारी दिए । मन्त्री लेखीले आगामी योजनाबद्ध कामहरूको बारेमा पनि जानकारी दिए । उनले पत्रकारहरूको हकमा विभिन्न सुविधाहरू र योजनाहरू बनाउनका लागि आफ्नो मन्त्रालय सक्रिय रहेको उल्लेख गरे । अभिमुखिकरण कार्यक्रममा धनुषाका पत्रकारहरू उपस्थित थिए । पत्रकारहरूले यस प्रकारको प्रशिक्षणलाई आफ्ना कार्यक्षेत्रमा उपयोगी र आवश्यक बताउँदै भविष्यमा यसलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे । पत्रकारिताका क्षेत्रमा अहिलेको समयमा हुने प्रविधि र साइबर जोखिमको बारेमा पत्रकारहरूले नयाँ दृष्टिकोण र सिप सीपका साथ आफ्नो कार्यलाई अघि बढाउन प्रेरित भएका थिए ।

# क्रिकेटर अनिल र अरनिकोलाई नगदसहित सम्मान



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रिमियर लिग (एनपिएल) प्रथम संस्करणका च्याम्पियन जनकपुर बोल्ट्सका दुई जना खेलाडीलाई पचरौतामा भव्य स्वागत तथा सम्मान सहित जनही पचास हजार नगद पुरस्कार प्रदान गरिएको छ । जनकपुर बोल्ट्सका क्रिकेटर अनिल साह र सोही टीमका अर्का खेलाडी अरनिको यादवलाई पचरौता नगर प्रमुख जलन्धर सिंहले बुधबार एक समारोहका बीच उक्त नगद राशी सहित दोसल्ला ओढाई सम्मान गरेका हुन् । जीतको खुशीमा बुधबार पचरौताका जनप्रतिनिधि, नागरिक समाज, स्थानीय खेलप्रेमीहरुले एनपीएलको ट्रफी र खेलाडीलाई गाडीमा राखेर नगर परीक्रमा गराउन विजयी यात्रा समेत निकालेका हुन् । विजय यात्रा कोतवालीको नहर चौकबाट शुरू भएर बेनौली गाउँ हुँदै पालिका परिसरमा स्वागत तथा सम्मान कार्यक्रम गरिएको थियो । सो अवरमा नगर प्रमुख सिंहले एनपिएलको प्रथम संस्करणमा ट्रफी हात पार्न सफल भएका जनकपुर बोल्टस टिमलाई बधाई र स्वागत गर्न पाउँदा आफू गौरवान्वित भएको बताए । नेपाल प्रिमयर लिगले क्रिकेट खेलको विकासका साथै युवाहरुलाई प्रेरणा, राष्ट्रिय एकता तथा सकारात्मक बाटोमा हिड्ने प्रेरणा र उर्जा समेत प्रदान गरेको नगर प्रमुख सिंहको भनाइ छ ।
कार्यभार सम्हालेको आर्थिक बर्ष देखि नै पचरौता नगरका खेलाडीहरुलाई तालिम, प्रतियोगिता तथा खेल सामग्रीका लागि नगद राशी सहयोग गर्दै आइरहेको र अगामी दिनमा पनि उक्त किसिमको सहयोग निरन्तर रहने प्रतिबद्धता पुनः दोहोर्याउनु भयो । पचरौता पालिकाले एनपीएल विजेता जनकपुर बोल्ट्सका खेलाडीहरूलाई अभिनन्दन कार्यक्रम आयोजना गरेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन